वर्ष : १९, अंक : ३४, काठमाडौं, २०८० पुस १३ गते शुक्रबार, 29 December, 2023, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvani

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# खुल्ला सीमा नेपाली जनताका लागि वरदान हो : वरिष्ठ नेता महतो

सप्तरी । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोले सीमाक्षेत्र बासीले भोग्दै आएको पीडा र समस्या विशिष्ट रहेकोले यसको उच्च प्रशासनिक राजनैतिक संस्कारले गर्नुपर्ने बताएका छन् ।

नेपाल भारत खुल्ला सीमा सम्वाद समुह सप्तरीले सोमबार सप्तरीको राजविराजमा आयोजना गरेको अन्तरसंवाद कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

खुल्ला सीमा नेपाली जनताको लागि वरदान भएको उनले भने । नेपाल भारत बिच प्राकृतिक र पौराणिक सम्बन्ध रहेकोले दुबै देशको सरकारले सिमा क्षेत्रबासीप्रति देखाउँदै आएको प्रतिकूल व्यवहार एवं दिल्ली-काठमाडौंको चस्माले उक्त क्षेत्रको जनताको भाग्य भविष्यको फैसला गर्नु हास्यस्पद हुने नेता महतोले बताए ।

'नेपाल-भारत प्रवृद्ध समूहमा मधेशको प्रतिनिधित्व नरहेकोले सीमामा बस्ने मधेशीको भावना र समस्या सम्बोधन हुँदैन यसर्थ उक्त समुहको कुनै प्रतिवेदन हामी मान्दैनौ । सीमाको संरचना हुनुपूर्व नै नेपाल




भारतको आफ्नै प्रकारको (सहोदर)अनुपम सम्बन्ध रहेकोले सरकार, प्रशासनिक र सुरक्षाकर्मीको व्यवहार सीमाक्षेत्रबासीसँग मित्रबत गर्नुपर्छ', उनले भने ।

नेपाल-भारत खुल्ला सिमा सम्वाद समुहको अध्यक्ष राजीव झाले हामी नेपाल भारत खुल्ला सीमानाको पक्षमा रहेको बताएका छन् । उनले भने, 'जहाँ संसार खुल्ला सिमानाको कुरा गरिरहँदा भारत जस्तो विशाल देशसँग खुल्ला सिमानाका भएर हामी देशभित्रकै नागरिकबीच काठमाडौं र मधेश सीमा क्षेत्रको नागरिक भन्दै आपसी खिचातानीले झन गरिब हुदै गएका छौं ।'

'भारतसँगको खुल्ला सीमाले काठमाडौंमा सुन तस्करी भएको होइन र सुनको पैसा सीमामा बस्ने नागरिकको उपयोगमा प्रयोग भएको छैन । मधेशप्रति राज्यले देखाउदै आएको द्वैध चरित्र हाम्रो समस्या हो न कि खुल्ला सीमाना', अध्यक्ष झाले भने ।

नेपालको मधेशको नागरिक न्यून रहे पनि पहाडी मूलको ४० लाख व्यक्ति भारतमा ठूला पदमा रोजगार पाएका छन् । खुल्ला सीमाले विकास निम्त्याउँछ र राज्यको षड्यन्त्रले सीमाबार अनर्गल भइरहेको छ । सीमामा भोग गर्दै आएका नागरिकको मनसायले सीमा खुल्ला राख्नुपर्ने वा बन्द गर्नुपर्ने भनि राज्यले निर्णय लिनुपर्ने आवश्यक हुन्छ । 'हामी खुल्ला सीमाको पक्षधर हौं । खुल्ला सीमा नागरिकको लागी बर्दान भएकोले सम्वाद र समस्या समाधान आवश्यक छ । अहिले नेपाल भारत बीच रहेको १४ सय किलोमिटर खुल्ला सिमानाकालाई ७० वटा सिमा मात्र खुल्ला राखेर बाँकी सबै बन्द गर्नुपर्ने कथित बिज्ञहरुले दिएको सुझाव एक दम गलत रहेको', अध्यक्ष झाले सुझाए ।

खुल्ला सिमाना र मधेशी नागरिकको पीडापूर्ण दिनचर्याबारे गम्भीर भएर

बाँकी पृष्ठ ६ मा

## डा.अहिराजद्वारा ४२औं पटक रक्तदान




काठमाडौं । मधेश प्रदेशका निवर्तमान प्रदेश प्रमुख डा.राजेश अहिराजले ४२औं पटक रक्तदान गरेका छन् । डा.अहिराजले आइतबार कालीमाटीस्थित ब्लड बैंकको केन्द्रीय कार्यालयमा रक्तदान गरेका हुन् । रक्तदानले जीवनदान हुनुका साथै आफ्नो स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पर्ने भएको कारण झन्डै २० वर्ष अघिदेखि रक्तदान सुरु गरेको उनको भनाई छ । देश तथा समाजका अगुवाले रक्तदान गर्दा सर्वसाधारणलाई राम्रो सन्देश जाने र उनीहरुलाई पनि रक्तदान गर्न प्रेरित गर्ने उनको भनाइ छ । कम्तीमा ५० पटक रक्तदान गर्ने आफ्नो चाहना रहेको पनि उनले बताए ।

**शैक्षिक सामग्री प्रदान**



यसैगरी, निवर्तमान प्रदेश प्रमुख डा.अहिराजले बुधबार सर्लाहीको एक विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरेका छन् । सर्लाहीको गम्हरियास्थित श्री शहिद दिनेश प्राथमिक विद्यालयमा करिब दुई सय बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेका हुन् ।

## महाधिवेशनपछि नाउपा देशकै साझा पार्टी बन्नेछ : रेशम चौधरी



काठमाडौं । नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशमलाल चौधरीले महाधिवेशनपछि नाउपा देशकै साझा पार्टी बन्ने बताएका छन् । प्रथम महाधिवेशनका लागि राजनीतिक प्रतिवेदन लेखिरहेका नेता चौधरीले यस्तो बताएका हुन् ।

नेता चौधरी भन्छन्, 'थरुहट आन्दोलनको जगबाट स्थापित भएको हाम्रो पार्टीलाई क्षेत्रिय पार्टीको रुपमा हेरिने गरिएको छ । तर, हाम्रो सोच, भिजन र एजेण्डा कुनै एउटा भुगोल या जातजातीको मात्रै नभई समग्र देश र देशवासीका तमाम पहिचानको रक्षा गर्दै देशको बिकासमा योगदान पुर्याउनु हो । त्यसैले पार्टीको राजनीतिक प्रतिवेदनले हिमाल, पहाड र तराई सम्पूर्ण देशवासीको साझा पार्टीका रुपमा अघि बढ्न मार्गनिर्देश दिनेछ ।' नाउपाको प्रथम महाधिवेशन आगामी पुस २६ देखि २८ सम्म उक्त पाटीको आधार भूमि कैलालीको टिकापुरमा हुँदैछ । पार्टी स्थापनाको छोटो समयमै राम्रो मत ल्याउँदै लुम्बिनी, मधेश र सुदुरपश्चिम प्रदेशका उल्लेख्य नागरिकहरुको मन जितेको दलको महाधिवेशन यतिबेला अन्य राजनीतिक दल तथा देशभरका नागरिकहरुले चासोका साथ नियालिरेका छन् ।

महाधिवेशनले २८ पदाधिकारीसहित ५०१ सदस्यीय केन्द्रीय समितिको निर्वाचन गर्ने पार्टीको तयारी छ । नाउपामा अध्यक्ष, सहध्यक्ष, सात उपाध्यक्ष, महासचिव, ७ सहसचिव र एक कोषाध्यक्ष निर्वाचित हुनेछन् । महाधिवेशनमा ७७ वटै जिल्लाबाट ८ हजार प्रतिनिधि सहभागी गराउने पार्टीको तयारी छ । पार्टीको महाधिवेशन भव्यरुपमा सफल पार्नका निम्ती विभिन्न समिति तथा उपसमिती बनाएर काम तीब्र पारिएको छ । पार्टीले महाधिवेशनको आन्तरिक तथा व्यवस्थापकीय कामका साथै देशभरबाट प्रतिनिधि छनौट र अतिथिलाई निमन्त्रण दिने कामलाई तीब्रता दिएको छ ।

## मधेश प्रदेशलाई माछा पर्यटनका रुपमा विकास गर्न माग

जनकपुरधाम । माछा व्यवसायीहरुले मधेश प्रदेशलाई माछा पर्यटनको रुपमा विकास गर्न माग गरेका छन् । जनकपुरधाममा नेपाल फिसरिज टेक्निकल एशोसिएशनको राष्ट्रिय अधिवेशनमा माछा व्यवसायी संघका अध्यक्ष जङ्गबहादुर साहले मधेश प्रदेशलाई माछा पर्यटनका रुपमा विकास गर्न तीनै तहका सरकारसँग माग गरेका हुन् ।

उहाँले देशभरि नै जिउँदो माछाको माग बढेको र व्यवसायीक रूप ग्रहण गरेकोमा खुशी व्यक्त गर्दै पानीमा भएका अन्य जलचर जीवहरूको संरक्षणमा विशेष ध्यान दिन जरुरी रहेको बताए । खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लष्टर इकाई धनुषाका कार्यालय प्रमुख एवं वरिष्ठ मत्स्य विकास अधिकृत युगल किशोर तिवारीले मधेश प्रदेशमा नेपालको कूल उत्पादनको ६० प्रतिशत माछा उत्पादन भएपनि प्रदेशका कुनै पनि जिल्लामा मत्स्य विकास अधिकृत नहुनु चिन्ताको विषय भएको बताए ।

दुईदिने राष्ट्रिय सम्मेलनमा नेपालको मत्स्य विकास तथा अनुसन्धानको कार्यमा संलग्न रहनु भएका विज्ञहरू, प्रविधिकहरु, व्यवसायीहरू माछाको उत्पादन तथा बजारीकरणको काममा सक्रिय रहनुभएका अगुवा किसानहरूको सहभागिता रहेको छ । नेपालमा उत्पादन भएको माछामध्ये मधेश प्रदेशमा ५० प्रतिशत माछाको उत्पादन भए पनि व्यवस्थित बजारीकरण नभएको गुनासो व्यवसायीहरूले गरेका छन् ।

नेपालमा हाल वार्षिक रुपमा उत्पादन हुने गरेको १ लाख ४ हजार मेट्रिक टन माछामध्ये मधेश प्रदेशमा मात्र ५३ हजार मेट्रिक टन उत्पादन हुने गरेको छ । माछाको उत्पादन बढे पनि किसानहरुले लागत अनुसारको मूल्य नपाएको गुनासो व्यवसायीहरूको छ ।

## आफ्नै सेना गठन गरेर समानान्तर सरकार चलाउने अभियानमा प्रभु साह

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको वर्तमान सरकार विघटन गरी अन्तरिम सरकार गठन गर्नुपर्ने माग गर्दै आएका आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले अर्ध सैनिक बल निर्माणको अभियानमा जुटेका छन् ।

अहिलेको संवैधानिक व्यवस्था असफल भएकाले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्थामा जानुको बिकल्प नभएको बताउँदै आएका साहले अहिले दलतन्त्र भएकाले आम जनताको शासन हुनुपर्ने बताउँदै आएका छन् ।

सरकार र अहिलेका राजनीतिक दल तिनका नेताहरु आफूलाई नसच्याए र अन्तरिम सरकार गठन नभए साहले समानान्तर सरकार निर्माण गर्ने निष्कर्षमा समेत पुगेका छन् । त्यसैको पूर्व तयारी गर्दै साहले छुटै अर्ध सैनिक बल निर्माण गर्दै अगाडी बढन खोजेका हुन् ।

आजपा साहले तत्काल अन्तरिम सरकार गठन गर्नुपर्ने र मुलुकलाई नयाँ ढंगले अघि बढाउनुपर्ने बताउँदै भने, 'ढिलो चाँडो हाम्रो माग पूरा हुन्छ । यही तरिकाले देश अगाडी बढन सक्दैन् । तत्काल यो व्यवस्था खारेजी हुनुपर्छ र अन्तरिम सरकार गठन हुनुपर्छ ।'



उनले अहिलेको संविधानले पनि देश र जनतालाई निकास नदिने ठोकुवा गरेका छन् । मुलुकमा ठूला दलका ठूला नेताहरुको हालीमुहाली र एकछत्र राज चल्दै आएको भन्दै यसरी मुलुक अघि बढ्न नसक्ने साहको टिप्पणी छ । उनले भने, 'देशमा कहाँ लोकतन्त्र छ ? देश लोकतन्त्रको नाममा झन् झन बर्वादीको बाटोमा हिँडेको छ । अहिले लोकतन्त्रको नाममा दलतन्त्र हाबी भएको छ, र नेताहरुको लुटतन्त्र चलिरहेको छ । जनता जागरुक हुने बेला आइसकेको छ । त्यसैले हामीले यो व्यवस्थाले निकास दिँदैन भनेका छौं ।'

यही १४ पुसमा आजपा निकटको आईटी आर्मीको राष्ट्रिय भेला रौतहटको मौलापुरमा बोलाएको छ । एक हप्ता सम्म चल्ने सो भेलामा सहभागि हजारौं युवालाई सैन्य तालिम दिन लागिएको हो । देशैभरीबाट हजारौं युवा सहभागि सो भेलामा केही विशिष्ठ प्रशिक्षकलाई समेत सहभागि गराउँदै युवाहरुलाई एक हप्तासम्म तालिम दिन लागिएको हो ।

आजपा प्रवक्ता समेत रहेका आईटी आर्मीका अध्यक्ष चन्द्रभुषण साहले भेलाबाट नयाँ नेतृत्व चयनका साथै आईटी, प्रविधि, सामाजिक सञ्जाल लगायतको पहुँच एवं प्रयोगका साथै शारिरीक तालिमबारेमा समेत एक हप्तासम्म प्रशिक्षण दिने बताए । संगठनको सांगठनिक प्रतिवेदन समेत भेलामा प्रस्तुत गरिने उनले बताए । आवास सहितको हुने सो भेलाबाट दक्ष जनशक्ति निर्माण गर्दै अगाडी बढने उदेश्य रहेको साहले बताए ।

अर्ध सैनिक बल निर्माणको अभियानमा लागेका आजपा अध्यक्ष प्रभु साह भने आज काठमाडौंबाट मधेस झरेका छन्। साह एक हप्तासम्म मधेसमै रहने बताइएको छ । अहिले मौलापुरमा त्यसका लागि तयारी तिब्ररुपमा भईरहेको आजपा केन्द्रीय सदस्य एवं कार्यालय सचिव बालकृष्ण सापकोटाले बताए ।

आजपाले आईटी आर्मीको पुस १४ गते हुने रौतटहको राष्ट्रिय भेलामा युवाहरुलाई शारिरीक तालिम प्रदान गर्नुको साथै सूचना तथा प्रविधिको पहुँच र उपयोगबारे पनि प्रशिक्षण गरिने केन्द्रीय सदस्य सापकोटाले जनाएका छन् ।

'अहिले विज्ञान तथा प्रविधिको युग हो, हामी युवाहरुलाई यसको अधिकतम सही उपयोगको लागि संगठित रूपमा तालिम प्रदान गर्दैछौं । भ्रष्टाचारको विरुद्धमा हामीले यही संगठनमार्फत भण्डाफोर गर्नुका साथै जनतालाई सूसुचित गराउनेछौं । अब हामी देशलाई पूर्ण रुपमा डिजिटल बनाउनेगरि अघि बढेका छौं' सापकोटाले भने ।

## मधेशी विरोधी कोशी प्रदेश निजामती सेवा ऐन

अहिले कोशी प्रदेश आन्दोलित छ । प्रदेशको नामलाई लिएर जनजातिहरु आन्दोलनमा छदै थिए भर्खरै प्रदेश सभाले पारित गरेको प्रदेश निजामती सेवा ऐनले मधेशी समुदायसँग गरेको विभेदका कारण मधेशी समुदाय पनि आन्दोलित हुन पुगेको छ । मिति २०८० साल मंसिर २५ गते कोशी प्रदेश सभाले प्रदेश निजामती सेवा ऐन २०७९ लाई संशोधन गर्न बनेको विधेयक २०८० प्रदेश सभाबाट पारित गरी प्रमाणीकरण भैसकेको छ ।

यो बिधेयक पारित हुँदा जनसंख्याको आधारमा मधेशी कोटा नछुटयाएको प्रति मधेशी समुदाय आन्दोलित भएको छ । साथै बिधेयकले मुस्लिम, थारु, दलित र महिला कोटा भनेर छुट्टाछुट्टै कोटा छुट्याइएको छ । महिला छुट्टै भनेर ३३ प्रतिशत छुट्टयाइए पनि निश्चित छ दलित, मुस्लिम, थारु, मधेशी महिला यो कोटामा आउनै सक्तैन ।

दलित आदिवासी भनेर छुट्याइएको कोटामा पनि मधेशी दलित र तराइका आदिवासी जनजाति प्रतिस्पर्धा गर्न सक्तैन । यो विधेयक मधेशी तथा दलित महिला, मुस्लिम महिला, थारु महिला एवं जनजाति महिला बिरोधी रहेको छ । यो विधेयक संशोधन नभए सरकारी जागिर मधेशीको निम्ति तथा मधेशी दलित एवं मुस्लिम र दलित र थारू महिलाको निम्ति असम्भव हुनेछ ।

दफा १० को उपदफा १ को खण्ड घ मा उल्लेख भएको आर्थिक रुपले बिपन्न खस आर्य भनेर छुट्टयाइएको ६ प्रतिशत कोटा पनि स्पष्टिकरण दिएर खुलामा राखिएको छ । यो आरक्षित भनेर छुट्टयाइएको ४५ प्रतिशत बिरुद्ध हो । यसबाट बिपन्न खस आर्य पनि सुबिधाबाट बन्चित हुने देखिन्छ ।

नेपालको संविधान २०७२ ले जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्वलाई सुनिश्चित गरेको अवस्थामा कोशी प्रदेशमा रहेको मधेशी समुदायको जनसंख्या १४ दशमलब २६ प्रतिशत रहेकोमा ५ प्रतिशत मात्र आरक्षण कोटा छुटाएको प्रति मधेशीहरुले आपति प्रकट गरेका हुन् ।



सन्तोष मेहता

## सम्पादकीय

# आरती साहको परिवारले कहिले न्याय पाउने ?

दाइजोको निहुँमा धनुषाकी आरती साहको हत्या भएको महिनौं बितिसक्यो । न्यायका लागि उनका परिवार संघीय राजधानी काठमाडौंस्थित माइतीघर मण्डलामा ६ भन्दा बढी समयदेखि अनसनरत छन् । तर, न्याय पाउन सकेका छैनन् । सरकारले न्याय दिने भनेर सहमति गरेको पनि एक महिनाभन्दा बढी समय भइसक्यो । दाइजोको निहुमा आरती साहको हत्या पश्चात न्यायको लागि धनुषा प्रहरीमा जादा प्रलोभनमा परी प्रहरीले समेत त्यसलाई आत्महत्या दुरुत्साहन मुद्दामा परिवर्तन गर्न खोजे पनि पीडित परिवारको इन्कारी पश्चात मात्र कर्तव्य ज्यान मुद्दा दर्ता भए पनि ४ जनाको विरुद्ध जाहेरी दिदा पनि प्रहरीले जबरजस्ती दुई जनालाई प्रतिवादी बनाई मुद्दा दर्ता गर्न खोज्दा पीडित परिवारले मानेको थिएन । पछि धनुषा प्रहरीको तत्कालिन एस.पी.को प्रत्यक्ष संलग्नतामा पीडित परिवारका सम्पूर्ण सदस्यलाई निर्घात कुटपिट गरी मरन्नासन हुने गरी घाइते बनाई उल्टै थुनामा राखी, खुटा ढोग्न लगाई जबरजस्ती आफुखुशी कागजमा सहीछाप गराई मुद्दालाई कमजोर बनाउने प्रपंच गरिएको परिवारजनको आरोप छ । त्यसै क्रममा पीडित परिवार १९६ दिनदेखि काठमाडौंस्थित माइतिघर मण्डला र शान्तिबाटिकमा धरनामा बसेका छन् । धरनामा बस्ने क्रममा समेत नेपाल प्रहरीले हाम्रो ब्यानर च्यात्ने, पीडित परिवारलाई समाती अनामनगर प्रहरी हिरासतमा राख्ने अनि गाडीमा बसाई बाटोमा फाल्ने जस्ता अमानवीय व्यवहारसमेत गर्दै आएको छ । यहाँ सम्म कि काठमाडौंको मुटु माइतीघरमा अपराधिक गुण्डाबाट पीडित परिवारमाथि संघातिक आक्रमण भए पनि प्रहरी मुकदर्शक भई बस्यो र गुण्डाको मोबाइल फोन समाती प्रहरीमा उजुरी गर्न जाँदा उल्टै प्रहरीले पीडित परिवारलाई नै समाती यातना दियो । यहाँ सम्म कि धनुषा प्रहरी र प्रमुख जिल्ला अधिकारीले पुरै पीडित परिवार माथि नै अभद्र व्यवहारको मुद्दा समेत चलाई पक्राउ पुर्जी जारी गरेको अवस्था छ । धनुषा प्रहरीको विरुद्ध सबै प्रमाण पेश गरे पनि गृह मन्त्रालयले कुनै कार्यवाही नगरी पीडित परिवारलाई झन् पीडित बनाएको अवस्था रहेको छ ।

# प्रधानमन्त्री प्रचण्ड सरकारको एक वर्ष

आदरणीय आमाबुवा, दिदीबहिनी र दाजुभाइहरू, आज म समस्त नागरिकसँग प्रत्यक्ष सम्बोधन गर्न उपस्थित भएको छु। सरकार गठन भएको एक वर्ष पूरा भएको संयोग र अवसर परे पनि सरकारका उपलब्धिको विवरण प्रस्तुत गर्नु मात्र मेरो आजको उद्देश्य होइन। सुशासन, सामाजिक न्याय, समृद्धि, कुटनीति, विपत् व्यवस्थापन र लोकतन्त्रको संवर्द्धनलगायतका क्षेत्रमा यसबीच भएका कार्य र प्रार्पतको सांकेतिक विवरण त आउँछ नै, तर म आजको सम्बोधनलाई समाचारका कस्ता शीर्षक दिइएला भन्ने चिन्ता नगरी आफ्ना केही विश्लेषण, केही समीक्षा, केही अनुभूति र केही संकल्प खुला हृदयले यहाँहरूसामु राख्ने अनुमति चाहन्छु।

अहिले म नेपाली समाजमा अत्यन्त चिन्ताजनक रूपमा चारैतिर हीनताबोध र नकारात्मकताको डढेलो लगाइँदै गरेको देखिरहेको छु। “सकिन्नँ, बन्दैन, हुँदैन” भन्ने नकारात्मकताले जरैदेखि समाजको सिर्जनात्मकता मारिरहेको छ। एकथरि तत्वले त नियोजित रूपमै यो मानसिकतालाई मलजल गरिरहेका छन्। यस्तो वातावरण बनाउने प्रयास भइरहेको छ कि देशमा सबै नराम्रो मात्र भइरहेको छ। आदरणीय जनसमुदाय, म आज यो प्रश्नबाट सम्बोधन सुरु गर्न चाहन्छु कि के देशमा साँच्चै केही नभएकै हो ? के देश पूर्णरूपमा सम्भावनाहीन बन्दै गएको हो ?

नकारात्मकता र हीनभावनाले हामीकहाँ सम्भव काम पनि असम्भव बनाइरहेको छ र हामीले आफ्नै छेउको उज्यालोलाई पनि पत्याउन छाडेका छौं भन्ने तथ्यलाई स्थापित गर्न म हाम्रो विद्युतीकरण र त्यसका सम्भावनालाई उदाहरणका रूपमा प्रस्तुत गर्न चाहन्छु। म दोस्रोपटक प्रधानमन्त्री हुनु अघिसम्म देशमा १८ घन्टासम्मको लोडसेडिङलाई नियति मानिएको थियो जबकि ठूलो जनसंख्या त्यतिखेर विद्युत्को पहुँचभन्दा बाहिर नै थियो। आज लगभग सिङ्गो देशमा विद्युत्को पहुँच पुगेको छ। वर्षायाममा पनि विद्युत् आयात गर्नुपर्ने अवस्थाबाट आज देश विद्युत् निर्यात गर्ने ठाउँमा पुगेको छ। विगत एक वर्षमा ७०० मेगावाटसम्म विद्युत् निर्यात गरी रु. १५ अर्ब २७ करोड बराबरको विदेशी मुद्रा आर्जन गरिएको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३१.२८ प्रतिशतले बढी हो। पाँच वर्षअघि यो अवस्थाको धेरैबाट कल्पना पनि गरिएको थिएन।

विक्रम संवत् १९६८ मा फर्पिङ जलविद्युतबाट ५०० किलोवाट विद्युत उत्पादनबाट सुरु भएको नेपालको विद्युतीकरण यात्रामा त्यसपछिका १०४ वर्षमा जम्मा ८०० मेगावाटमात्र उत्पादन क्षमता पुगेको थियो। तर विगत ७ वर्षभित्र नेपालको विद्युत उत्पादन क्षमता बढेर २८९२ मेगावाट पुगेको छ जसमध्ये करिव ५४१ मेगावाट त यही एक वर्षमा मात्र थप भएको छ। विगतका हिसाबले यो एक वर्ष करिब असी वर्ष बराबर हो। तर, मैले यसमा सन्तोष मानेको छैन। मेरो विश्लेषणमा हामीसँग यस क्षेत्रमा भएको सम्भावनाको तुलनामा यो साह्रै सानो उपलब्धि हो। यसै वर्ष भएको मेरो भारत भ्रमणका क्रममा दश वर्षमा दश हजार मेगावाट बिजुली निर्यात गर्ने लक्ष्यका साथ दीर्घकालिन जलविद्युत् सम्झौताको प्रारम्भिक सहमतिमा हस्ताक्षर भएको छ। हाम्रो समृद्धिका लागि यो नेपाली इतिहासकै सबैभन्दा ठूलो र दूरगामी महत्वको सहमति हो। भारतसँग मात्रै नभएर बङ्गलादेशसँग पनि हामी विद्युत् व्यापारको एकदमै नजिक पुगेका छौं। नेपालबाट बङ्गलादेशमा ४० मेगावाटसम्म विद्युत् निर्यात गर्न त्रिदेशीय विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर हुँदैछ।

मेरो चीन भ्रमणको क्रममा नेपाल चीन जोड्ने चिलिमे-केरुङ २२० केभी प्रसारण लाइन अगाडि बढाउने सहमति भएको छ। यो प्रसारण लाइन बन्ने बित्तिकै चीनसँग पनि हाम्रो विद्युत व्यापारको ढोका खुल्नेछ। देशभित्र पनि हामी उद्योग र चुलोदेखि यातायातसम्म विद्युत खपत बढाएर आत्मनिर्भरताको नयाँ युगतिर अगाडि बढ्दैछौं। गम्भीर भएर सोचौं त, देशले हरेक वर्ष कम्तिमा रु. पाँच खर्बको बिजुली निर्यात गर्न र त्यति नै बराबरको आयात प्रतिस्थापन गर्न सक्दा अरु विकसित देशसरह हुन हामीलाई कति नै वर्ष लाग्ला र ? म निराशावादीहरूलाई सोध्न चाहन्छु, हाम्रो देश यति ठूलो आर्थिक सम्भावनाको नजिक इतिहासमै यसअघि कहिल्यै थियो र ? बिजुलीको उज्यालो अब देशकै उज्यालो बन्ने दिशामा छ। के यो लोकतन्त्रको उपलब्धि होइन र ?

आदरणीय आमाबुवा, दिदीबहिनी र दाजुभाइहरू, अब सरकार गेमचेन्जर ठूला जलविद्युत् आयोजनाहरूमा ध्यान केन्द्रित गरिरहेको छ किनकि भारत, बंगलादेश र चीनसमेत हाम्रो विद्युत् व्यापारका साझेदार बन्ने परिस्थिति तयार भएको छ। बुढीगण्डकी जलविद्युत् आयोजनाका लागि पेट्रोलियम पदार्थमा लगाइँदै आएको पूर्वाधार करसमेत सोही आयोजनालाई उपलब्ध गराइने छ र स्रोतको अभाव हुन दिइने छैन। तीन वर्षभित्र सम्पन्न गर्ने गरी नेपाल विद्युत् प्राधिकरणबाट १०,८०० मेगावाट क्षमताको कर्णाली चिसापानी जलविद्युत् आयोजनाको थप अध्ययन सुरु भएको छ। १,९०२ मेगावाट क्षमताको मुगु कर्णाली जलविद्युत् आयोजनाको अध्ययन सम्पन्न भएको छ। हाल कार्यान्वयनमा रहेको ९०० मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत आयोजनालाई मैले सिधै पनि सहजीकरण गरिरहेको छु भने १,०६३ मेगावाट क्षमताको माथिल्लो अरूण आयोजनालाई लगानी जुटाउने कार्य अन्तिम चरणमा पुगेको छ। आउँदो दुईदेखि तीन महिनाभित्र टेस्टिङ कमिसनिङ भइरहेका थप आयोजनाहरूबाट करिव ५६४ मेगावाट उत्पादन थप हुनेछ।

हालसम्म ९,१६४ मेगावाटका जलविद्युत् आयोजनाको निजी क्षेत्रसँग विद्युत् खरिद सम्झौता सम्पन्न भएको छ जसमध्ये यस वर्षमात्र करिव २२ सय मेगावाट बराबरको विद्युत् खरिद सम्झौता सम्पन्न भएको छ। सुनकोशी मरिन डाइभर्सन तथा कमला डाइभर्सन सिंचाइ आयोजनाहरूलाई समेत थप पानी उपलब्ध



गराउन सक्ने ६७८ मेगावाट क्षमताको सुनकोशी तेस्रो जलविद्युत् आयोजना पनि सरकारको प्राथमिकतामा छ। रार्षट्रिय गौरव र रूपान्तरणकारी आयोजनाहरू अब एआईजडित ड्रोन प्रविधिबाट नियमित अनुगमन गर्ने प्रणाली जडान गरिँदैछ। प्रधानमन्त्री कार्यालयमा रहेको एक्सन रुमबाट यस्ता आयोजनाहरूको नियमित अनुगमन गर्न मैले सुरु गरिसकेकोछु।

आज म यो सम्बोधनबाट देशवासीसामु स्वीकार गर्दछु कि सरकार असफल त भएन, तर मेरो हुटहुटीअनुसारको परिणाम पनि आएन। म बनिसकेका पूर्वाधारको जस खोसाखोस गर्न छाडेर सम्पन्न हुन बाँकी पूर्वाधारको चिन्तामा छु। देश कति बन्यो भन्ने होइन, कति बन्न सक्थ्यो भन्ने आत्मसमीक्षामा छु। यही चिन्ता र आत्मसमीक्षाका साथ म सार्वजनिक घोषणा गर्दछु, अब सरकारको कार्यशैली बदलिनेछ। केही पूर्व निर्धारित र अपरिहार्य बाहेक म बाहिरका कुनै पनि कार्यक्रममा नगई नयाँ नीति तथा कार्यक्रम र बजेटको तयारी एवं विकास र सुशासनमा रहेका समस्या समाधान गर्न लाग्ने निष्कर्षमा छु। सरकारको कार्यशैली बदल्न यो एउटा प्रस्थानबिन्दु हुनेछ। यही साता म प्रधानमन्त्री कार्यालयको संरचनात्मक परिवर्तन गर्दैछु। सिङ्गो राज्यका लागि त्यो एउटा संकेत र सन्देश हुनेछ।

पूर्वाधार विकासमा जताततै समस्या देखिएका छन्। रूख कटानीको प्रक्रिया अत्यन्त जटिल छ। वनको भोगाधिकार र जग्गाप्रार्पतिमा त्यस्तै जटिलता छन्। नागरिकको जग्गाप्रार्पतिमा पनि थुप्रै समस्या छन्। अब म एकएकवटा कामलाई बेग्लाबेग्लै डालोमा राख्ने अनि समस्याको जरो छाडेर हाँगा छिमोल्ने गल्ती गर्दिनँ, बरु कार्यतालिका र समयतालिका नै बनाएर र सबै सरोकारवालालाई एक ठाउँमा राखेर समग्र पूर्वाधार विकासका कानुनी, नीतिगत र प्रक्रियागत जटिलताको दीर्घकालीन हल खोज्छु। एकले अर्कोलाई देखाएर देशको विकास अवरुद्ध गर्ने प्रवृत्ति अन्त्य गर्छु। पूर्वाधार विकासलाई आवश्यक परे संकटकाल नै घोषणा गरेर भएपनि उच्च प्राथमिकता दिनुपर्छ भन्ने मेरो विश्वास छ।

यस वर्ष ७७६.६१ किलोमिटर कालोपत्रे सडक निर्माण भएको छ भने ५८७.५ किलोमिटर ग्राभेल सडक निर्माण भएको छ। यसै अवधिमा १८१.२९ किलोमिटर नयाँ ट्र्याक खोलिएको छ। थप १ लाख ६२ हजार सुरक्षित आवास निर्माण गरी लाभग्राहीलाई उपलब्ध गराइएको छ। यो आँकडाले अघिल्ला वर्षहरूभन्दा प्रगति त देखाउला तर म सन्तुष्ट छैन। नारायणगढ-बुटवल खण्ड वा मुग्लिन-पोखरा खण्डकै उदाहरण लिउँ, जनताले बाटो भत्केको व्याख्या गरिरहेको छ जबकि बाटो त बनिरहेको छ। समयमा आयोजनाहरू पूरा नहुँदा यस्तो नकारात्मक भाष्यमात्र बनेको छैन, लागत बढेको छ, जनताले ठूलो सास्ती खेप्नुपरेको छ। अब पूर्वाधारमा कम्तिमा दुई सिफ्टको प्रत्याभूति हुने र सकेसम्म “ब्यारेक मोडल”मा लैजाने गरी मैले नीतिगत र व्यवहारिक छलफल गरिरहेको छु। ‘८० को दशक तीव्र विकासको दशक’ भन्ने संकल्पसँगै पूर्वाधारमा देशले नयाँ ढङ्गले फड्को मार्नैपर्छ।

सरकार गठनसँगै मेरो प्रतिबद्धता थियो, म सार्वभौम संसद र जनताबीच केवल भाषण र आश्वासन होइन, रिपोर्ट कार्डका साथ उपस्थित हुनेछु। आज नागरिकसामु प्रत्यक्ष रूपमै वार्षिक रिपोर्ट पेस गर्दैगर्दा म प्रतिरक्षात्मक छैन किनकि समर्ष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक छन्। एक वर्षअघि जम्मा तीन महिनाको आयात धान्नसक्ने सामर्थ्यसहित दिवालिया बन्ने त्रासमा बाँचेको देशसँग अहिले विदेशी मुद्राको सञ्चिति इतिहासकै उच्च छ। यही असारदेखिको चार महिनाकै अवधिमा यस्तो सञ्चिति १५७ अर्ब रूपैयाले बढेको छ। सधैं घाटामा रहने सार्वजनिक संस्थान नाफामा जान थालेका छन्। नेपाल वायुसेवा निगमको तिनुपर्ने दायित्व कम हुँदै गएको छ। नेपाल आयल निगम र नेपाल विद्युत् प्राधिकरण नाफामा गएका छन्। अर्थतन्त्रका चारै क्षेत्रमा अहिले आशाजनक वातावरण बनेको छ। यी तथ्याङ्कहरू सकारात्मक भएपनि आर्थिक वृद्धिदर मैले सोचेकोभन्दा कम छ। म अब यसका आन्तरिक र बाह्य कारण देखाएर जिम्मेवारी नलिन चाहन्नँ। यसको जडमा पुगी समस्याको समाधान खोज्न मैले राजनीतिक नेतृत्व, कर्मचारी र निजी क्षेत्रलाई सँगै राखेर खुला छलफल सुरु गरिसकेको छु। दुई अङ्कको आर्थिक वृद्धिको लक्ष्य नराखी, अनि त्यसका लागि नीतिगत, कानुनी र प्रक्रियागत सुधारका साथै बहुपक्षीय तयारी नगरी देशको तीव्र विकास सम्भव छैन।

यस वर्ष उपभोक्ता मूल्य वृद्धिदर गत वर्षभन्दा २.७ प्रतिशत बिन्दुले कम भएको छ। यो पक्कै उपलब्धि हो तर यसमा सन्तुष्ट भएर राष्ट्र बन्दैन। उपभोक्ता मूल्य वृद्धिदरलाई आमजनताले महसुस गर्ने गरी कम गर्न सरकारी नीति र प्रशासनिक क्षमताको सुधार अब मेरो प्राथमिकतामा छ। बैङ्क तथा वित्तीय क्षेत्र र मौद्रिक नीतिमा गरिएका सुधारका कारण बैङ्कहरूको आधार ब्याजदर एकल अङ्कमा पुगेको छ भने ऋणको ब्याजदर पनि घटेको छ। यसबाट उत्पादन लागत घटेर उपभोक्ता मूल्यमा समेत सकारात्मक प्रभाव पर्ने निश्चित छ। भुक्तानी सन्तुलन झण्डै १५० अर्ब रुपैंयाले सकारात्मक रहनु र विगत कैयौं वर्षदेखि घाटामा रहेका चालु खाता समेत नाफामा रहनु सरकारको अर्को गणनीय उपलब्धि हो। पूँजी बजार र बिमा क्षेत्रमा मात्रात्मक सुधार त भएको छ तर अपेक्षित सुधार नहुँदा म चिन्तित छु र सुधारका लागि गम्भीर गृहकार्यमा छु। व्यापार घाटामा कमी आएको छ, तर निर्यात नबढीकन आयात मात्र घटेर कम भएको व्यापार घाटा दिगो हुँदैन भन्ने वास्तविकता म यहाँहरूलाई लुकाउन चाहन्नँ। समस्याहरूलाई जनतासँग लुकाएर देश अघि बढ्दैन। आन्तरिक उत्पादनसँगै निर्यात पनि बढाउने गरी उत्पादन परिमाण वृद्धि गर्न आवश्यक पहल म लिनेछु। विप्रेषण आप्रवाहमा २६ प्रतिशतले वृद्धि भएको छ। अब मेरो ध्यान विप्रेषणसँगै भित्रिने सीप, अनुभव र दक्षताको उपयोग गरी देशभित्र उत्पादन र रोजगारी बढाउनेतर्फ केन्द्रित हुनेछ। म सबै आर्थिक र कुटनीतिक नियोगहरूलाई लगानी र पर्यटनमा परिणाममुखी परिचालनका लागि प्रतिबद्ध छु। कार्यक्षमता कमजोर भएका राजदूत र नियोग प्रमुखहरू फिर्ता बोलाइनेछन्।

सरकारका नीतिले मात्र होइन, सरकारले गर्ने खर्चले अर्थतन्त्रलाई गतिशील बनाउँछ। विगत केही वर्षदेखि नै कमजोर रहेको हाम्रो पूँजीगत खर्च गर्ने क्षमतामा निर्णायक हस्तक्षेप र सुधार गर्न ढिला भइसकेको छ। बजेट निर्माणको परम्परागत तरिकाले न प्राथमिकतापूर्ण योजनाहरूमा बजेट विनियोजन हुन सक्यो, न खर्चको सही आँकलन नै हुन सक्यो। यसको प्रत्यक्ष असर पूँजीगत खर्चमा परी समग्र आर्थिक क्षेत्र नै प्रभावित भइरह्यो। त्यसैले म नीति योजना र बजेट निर्माणको परिपाटी नै परिवर्तन गर्ने तयारीमा छु। सरकारको नीति तथा कार्यक्रम र बजेटलाई परम्परागत धारबाट भिन्न बनाउनैपर्छ। आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणमा जनप्रतिनिधि र आमनागरिकको समेत पर्याप्त सुझाव लिने गरी बजेटका सिद्धान्त र प्राथमिकता फागुनमै पेश गर्ने मेरो तयारी छ। त्यसमा प्राप्त सुझावसमेत समेटी नीति तथा कार्यक्रम र त्यसकै आधारमा बजेटलाई अन्तिम रूप दिने गृहकार्यमा म छु। यसबाट नीति तथा कार्यक्रम र बजेटमा सबैको सहभागिता र अपनत्व स्थापित भई कार्यान्वयन पनि सहज हुने मेरो विश्वास छ।

यो एक वर्षको अवधिमा २ सय ९२ अर्ब ५१ करोड रूपैंया बराबरको लगानी स्वीकृत भएको छ। अघिल्ला वर्षहरूसँग तुलना गरेर यसलाई उत्साहजनक मान्ने पक्षमा म छैन। देशभित्र लगानी प्रवर्द्धन र व्यावसायिक वातावरण सुधार गर्न हामीले धेरै काम गर्न बाँकी छ। आगामी वैशाखमा लगानी सम्मेलन अगाडि नै आवश्यक कानुनी र व्यावहारिक सुधार गर्न मैले सरोकारवाला निकायहरूलाई क्रियाशील बनाइसकेको छु। यसै आर्थिक वर्षभित्र नेपालको क्रेडिट रेटिङ सम्पन्न हुनेछ। उद्योग दर्तालाई सहजीकरण गर्न सञ्चालनमा रहेको एकद्वार प्रणालीलाई एक महिनाभित्र साँच्चिकै एकद्वारको बनाइँदैछ। यसमा संलग्न निकायका कर्मचारी र पदाधिकारीलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गरिँदैछ। चाहिने अधिकार नदिने निकाय र पदाधिकारीलाई जिम्मेवार बनाइँदै छ। लगानी बोर्डको कार्यालयलाई अधिकार प्रत्यायोजन गरेर समन्वयकर्ताभन्दा कार्यमूलक बनाइँदैछ। लगानी बोर्डको अब बस्ने पहिलो बैठकबाटै कानुनबमोजिम यस्तो अधिकार प्रत्यायोजन गरिँदैछ।

यो वर्ष पर्यटकको संख्या उल्लेखनीय रूपमा बढेको छ, लगभग रेकर्डकै रूपमा। अहिले सुन्दा अपत्यारिलो लाग्ला तर क्षेत्रगत तयारी र योजनाबाट अर्को वर्ष हामी पर्यटकको संख्या झण्डै दोब्बर बनाउँछौं भन्ने मेरो विश्वास छ। लुम्बिनी वरपरको ८ वर्गकिलोमिटरको ग्रेटर लुम्बिनी परियोजना अगाडि बढ्दैछ। ग्रेटर लुम्बिनी अन्तर्गत रामग्राम र कपिलवस्तुको गुरुयोजना अगाडि बढिरहेको छ। फरकफरक क्षेत्रका पर्यटकका लागि सरकारले फरकफरक रणनीतिमा काम गरिरहेको छ।

ठूलो खर्च भएका पोखरा र भैरहवा विमानस्थललाई पूर्ण सञ्चालनमा ल्याउन सकिएको छैन। भैरहवा अन्तर्राष्टिृय विमानस्थलबाट छिमेकी मुलुकका नजिकका विमानस्थलसम्म कम उचाइमा उडान गर्ने साना विमान सञ्चालनको पहल पनि भइरहेको छ। भैरहवा र पोखरा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान र अवतरण गर्ने विमानहरूलाई इन्धन, टर्मिनल, ग्राउण्ड ह्याण्डलिङ र अन्य सेवा शुल्कमा सहुलियत दिएर प्रोत्साहन गरिँदैछ। निजगढ विमानस्थलको समेत निर्माण सुनिश्चित गरी काठमाडौं, भैरहवा र पोखरा विमानस्थलको विस्तार तथा सञ्चालन पनि सार्वजनिक-निजी साझेदारी मोडेलमा अघि बढाउने विकल्पमा समेत छलफल भएको छ। सुविधासम्पन्न खेल मैदान बिना नै नेपाली क्रिकेट खेलाडीहरुले विश्वकपको यात्रा तय गरे। विश्वकपको तयारीमा कुनै कसर बाँकी राखिने छैन। यो सफलतासँगै अब देशमा खेल पर्यटनको ठूलो आधार तयार भएको छ। त्यसका लागि हामीले पूर्वाधारमा ध्यान केन्द्रित गरेका छौं। कीर्तिपुर रंगशालालाई पिपिपी मोडलमा विस्तार गरिँदैछ भने मूलपानी, विराटनगर र कैलालीको फाप्ला क्रिकेट रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा निर्माण गरिँदैछ। चितवनको गौतम बुद्ध क्रिकेट रंगशालालाई पनि रार्षट्रिय गौरवकै आयोजनाको रूपमा तीन तहकै सरकारको समन्वयमा बन्दै छ। सरकारले देशको गौरव बढाउने युवा क्रिकेट खेलाडी, प्रशिक्षक र व्यवस्थापन टीमलाई सम्मानसहित पुरस्कृत पनि गरेको छ । दक्षिण एशियाली र एशियाली खेलकूद प्रतियोगितामा पदक प्राप्त गर्ने २ सय ५२ खेलाडीलाई मासिक भत्ता पनि उपलब्ध गराएको छ। यी प्रोत्साहनसँगै सरकारको ध्यान पूर्वाधार-निर्माणमै केन्द्रित छ। ग्रासरुटबाटै खेलाडी, खेलकुद र खेल पूर्वाधारको विकास गरी खेल-पर्यटनको ठूलो सम्भावना हासिल गर्न सरकारले कुनै कसर छाड्ने छैन।

म अब दलहरू, नागरिक समाज र राज्यका सबै निकायलाई समेत क्रमभंगताको अपील गर्दछु। अब शीर्ष बैठकहरू सत्ताको वितरण गर्न होइन, विश्वविद्यालयहरू सुधार्न, परराष्ट्र नीतिमा राष्ट्रको एउटै धारणा बनाउन, रोजगारी सिर्जना गर्न र लगानीका लागि राष्ट्रको छवि सुधार्न बस्नेछन्। मैले त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहमा घोषणा गरिसकेको छु, अब विश्वविद्यालयहरूमा राजनीतिक भागवण्डा हुनेछैन। संसारको कुनै पनि कुनामा रहेका योग्य नेपालीले विश्वविद्यालय सुधारको प्रष्ट र इमान्दार खाकासहित उपकुलपतिमा दावी गर्न सक्नेछन्। अब मेरिटोक्रेसी सुरु हुनेछ र त्रिभुवन विश्वविद्यालय त्यसको प्रस्थानबिन्दु बन्नेछ। नेपालका विश्वविद्यालयहरू रित्तिँदै जाने, युवा जनशक्तिसँगै पूँजी पनि पलायन हुने डरलाग्दो अवस्था अन्त्य गर्न तथा शिक्षामा गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति देशभित्रै उत्पादन गर्न बहुआयामिक कदम चालिँदैछ।

विद्यालय शिक्षालाई प्रभावकारी बनाउन अति जरूरी, तर सात वर्षदेखि कसैले हिम्मत नगरेको शिक्षा विधेयक मैले संसदमा पेश गरेँ। त्यसका कमीकमजोरी सच्याई छिटै पारित गर्न म प्रतिबद्ध छु। विद्यालयलाई राजनीतिक क्रीडास्थल बनाउनु हुँदैन भन्ने मेरो निष्कर्ष छ। यसमा म आम शिक्षक, राजनीतिक दल र अन्य सरोकारवालाको साथ चाहन्छु। भर्नाअगावै सबै विद्यार्थीको हातमा पाठ्यपुस्तक पुऱ्याउन सफल भएसँगै अब यसै शैक्षिक वर्षभित्र शिक्षक विद्यार्थी अनुपातमा सुधार गरिँदैछ। सात प्रदेशमा सुविधायुक्त स्टुडियो निर्माण गरी दुर्गम र दक्ष शिक्षकको अभाव भएका स्थानीय तहहरूमा रहेका विद्यालयहरूमा आगामी शैक्षिक वर्षदेखि नै सूचना प्रविधिको माध्यमबाट विज्ञान, गणित र अंगेजी विषयको पठनपाठन सुरु गरिँदैछ।

चिकित्सा शिक्षालाई सस्तो र आम जनताको पहुँचमा पुऱ्याउन तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सरकारी अस्पतालहरूमा नर्सिङ, प्यारामेडिक्स लगायतका शैक्षिक कार्यक्रम सञ्चालनको गृहकार्य भइसकेको छ। सहीद धर्मभक्त रार्षट्रिय मानव अङ्ग प्रत्यारोपण केन्द्रलाई ५ सय शय्याको अत्याधुनिक अस्पतालका रूपमा विकास गर्न सरकारले प्रक्रिया अघि बढाइसकेको छ। प्रादेशिक प्रयोगशालासँगै सरकारी अस्पतालका प्रयोगशालाहरूको शुल्कमा एकरूपता कायम गरिँदैछ। ज्येष्ठ नागरिकका लागि विशेष स्वास्थ्य सेवा सुनिश्चित गर्न ९४ अस्पतालमा जेरियाट्रिक वार्ड स्थापना गरिएका छन्।

२०७४ सालमा म प्रधानमन्त्री हुँदा रार्षट्रिय स्वास्थ्य बिमा ऐन ल्याइएको हो, तर बिमा कार्यक्रम त्यसको भावना र व्यवस्थाअनुसार अघि बढेन। अब यसलाई सुधार्दै मेरै कार्यकालमा बनेको ऐन बमोजिम नागरिकको स्वास्थ्यमा पहुँचको संवैधानिक हकको ग्यारेन्टी गर्ने काम उच्च प्राथमिकतामा हुनेछ। स्वास्थ्य बिमा ऐन बमोजिम बिमाको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत र प्रक्रियागत सुधार, बोर्डको क्षमता अभिवृद्धि, बलियो अनुगमन र मूल्यांकन संयन्त्र, बिमाको दायरामा वृद्धि र सबैको आबद्धता, उपचारका लागि अस्पताल लगायतका संरचना र सेवाको गुणस्तरमा व्यापक सुधार र जनशक्ति व्यवस्थापनका लागि सरकार तदारूकताका साथ लागिरहेको छ। बिमाको हालको रकमको दायरा बढाइनेछ र आधारभूतबाहेक हाल सञ्चालित सबै निःशुल्क कार्यक्रमहरूलाई समेत एकीकृत रूपमा स्वास्थ्य बिमामा आवद्ध गरिनेछ। स्वास्थ्य बिमालाई केन्द्रमा राखी एकीकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्ड अनुसार स्वास्थ्य प्रणालीको विकासमा जोड दिइनेछ।

मैले संसदमा सुरुकै दिन गरेको संकल्प थियो, सुशासन। देशमा एउटा “भिआइपी कल्चर” स्थापित भइरहेको थियो। हाइ प्रोफाइलहरूलाई कानुनले छुनै सक्दैन भन्ने आममनोविज्ञान बनिरहेको थियो। सरकारले नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास प्रकरण, त्रिभुवन विमानस्थलबाट सुनको अवैध आयात लगायतका काण्डमा इतिहासकै सबैभन्दा ठूलो अनुसन्धान र कारवाही गरेपछि जनतामा लोकतन्त्रप्रति भरोसा बढेको छ। कहिल्यै कानुनले नछुने ठानिएका उच्चपदस्थहरू कानुनको नियन्त्रणमा

बाँकी पृष्ठ ३ मा

# २०८४ मा डा.सीके राउत यो देशको प्रधानमन्त्री बन्नुहुन्छ

**० तपाईं लोसपा, जसपा छोडेर जनमत पार्टीमा किन प्रवेश गर्नुभयो ?**

– मैले आफ्नो राजनीतिक यात्राको सुरुवात महन्थ ठाकुरको तमलोपाबाट गरें । मैले राजनीतिक यात्राको सुरुवातदेखि नै धेरै मिहिनेत गरें । चुनावमा पनि राम्रै मत ल्याएँ, त्यसपछि किसान आन्दोलनको नेतृत्व पनि गरें । प्रत्यक्षरुपमा किसानलाई त्यसको लाभ पनि भयो । अहिलेसम्म ठगिँदै आएका उखु किसान अबदेखि ठगिने छैन भनेर कानूनीरुपमा चुस्त-दुरुस्त व्यवस्था मिलाइयो । पछिल्लो चुनावका बेला लोसपाले मेरो निर्वाचन क्षेत्र नै छोडिदियो । जसले २८ हजार मत ल्याएको छ, किसान आन्दोलन गरेको छ, दिनरात क्षेत्रमा खटेर संगठन बनाएको छ । मेरो मात्रै एउटा क्षेत्र यस्तो थियो जहाँ लोसपाको सबै वाडमा कमिटी पनि थियो, क्षेत्रीय अधिवेशन पनि भएको थियो । तर केही उद्योगपतिसँगको मिलेमतोमा सिट नै छोडिदियो । त्यसपछि मैले जसपाबाट टिकट लिएर चुनाव लडें । जसपाको पनि संरचना मधेशप्रति समर्पित नभएकोले म जनमत पार्टीमा प्रवेश गरें । मैले जनमतमा प्रवेश गर्दा नेतृत्व मात्रै परिवर्तन गरें, मुद्दा त मेरो त्यहीं हो । मेरो मुद्दा परिवर्तन भएको छैन, कमिटमेन्ट परिवर्तन भएको छैन । मेरो मूल मुद्दा भनेको समृद्ध किसान, समृद्ध मधेश अनि समृद्ध नेपाल हुन्छ । जबसम्म किसान समृद्ध हुँदैन तबसम्म मधेश समृद्ध हुँदैन । जनमत पार्टीले पहिला नै किसान आन्दोलन गरेकोले मेरो मुद्दा र जनमतको मुद्दा मिलेको छ ।

**० जनमत पार्टी भर्खर गठन भएको छ, एउटा मात्रै सिट प्रत्यक्षमा जित्न सक्यो । जनमतको भविष्य छ ?**

– मुख्य कुरा हुन्छ नेतृत्व । संगठनको नेतृत्व कस्तो छ ? डा.सीके राउतको नेतृत्व बहुत दूरदर्शी नेतृत्व छ । सीके राउतले मधेशको माटो, मधेशको भूमि र मधेशीप्रतिको समर्पण भाव लिएर जसरी आउनुभएको छ, त्यसबाट प्रेरित भएर उहाँको नेतृत्वलाई स्वीकार गरी काम गर्न आएको हुँ । उहाँले जुन स्वराजको मिशन लिएर हिंड्नुभएको छ, त्यसले मात्रै मधेशको कल्याण सम्भव छ भन्ने कुरा जनताले बुझ्दैछन् । उहाँप्रति आकर्षण बढ्दै गइरहेको छ । स्वतन्त्र मधेश गठबन्धन जब जनमत पार्टीमा परिणत भयो त्यसपछि उहाँसँग जोडिन धेरै मानिसहरु आइरहेका छन् । आफ्नो सम्पूर्ण सुखसुविधा छोडेर जसरी समर्पण भावका साथ आउनुभएको छ, मधेशको समग्र विकास, समुन्नति, सुशासन ल्याउने क्षमता छ । उहाँको क्षमताप्रति आकर्षण भएर म लगायत धेरै युवा नेताहरु डा.सीके राउतको नेतृत्वमा काम गर्न तयार छन् । धेरै जना विधिवत् पार्टी प्रवेश गरेर नै आइसके, धेरै अहिले आउने क्रममा छन् । आगामी दिनमा जनमत पार्टी मधेश मात्रै नभई देशकै सबभन्दा शक्तिशाली पार्टीको रुपमा आउनेछ ।

**० डा.सीके राउतले त अहिलेसम्म सपना मात्रै बाँड्दै आउनुभएको छ नि ?**

– उहाँले जुन सपना देखाउनुभएको छ, त्यो सम्भव छ । उहाँ दश लाख युवालाई रोजगारीको कुरा गर्नुभएको छ । त्यसका लागि उहाँ शक्तिमा आउनुपर्छ । रोजगारी र समृद्धिका लागि पर्याप्त आधारहरु छन् । १६५ निर्वाचन क्षेत्रमा जम्मा एउटामा मात्र जनताले जिताएर पठाए र समानुपातिकमा ५ गरी जम्मा ६ सांसद केन्द्रमा छन् । संसद चल्ने भनेको गणितको हिसावले हो । संसदमा ६ जना मात्रै प्रतिनिधित्व भएको कारणले डा.सीके राउतको राम्रा कुराहरुलाई ओझेलमा पारिदिएको छ । मधेश प्रदेशको ३२ प्रत्यक्ष र समानुपातिकको ८० प्रतिशत मत दिएर पठायो भने डा.सीके राउत देशको प्रधानमन्त्री बन्नुहुन्छ । जब उहाँ प्रधानमन्त्री भइसकेपछि कसैले पनि रोक्न सक्दैन । संसदको गाणित आफ्नो हातमा भइसकेपछि उहाँले देखाएको बाटो अनुरुप रोजगारी सिर्जना हुन्छ, मधेश समृद्ध हुन्छ, मधेशमा कलकारखाना खुल्छ । तर, संसदमा गणितीय संख्या बहुमत दिएर जनताले पठाउनुपऱ्यो । त्यसैले हामी मिशन ८४ मा हामीले भनेका छौं कि डा.सीके राउत जस्तो ज्ञान भएको नेतृत्वमा आउने उम्मेद्वारहरुलाई मत दिऔं र संसदमा शक्ति बढाऔं । शक्ति बढिसकेपछि उहाँले भन्नुभएको कुराहरु शतप्रतिशत पूरा हुन्छ । मधेशमा हैसियतदार उम्मेद्वार भनेको पैसावाला हो, जसले दारु-मांस बाँड्न सक्छन् । त्यस्तालाई मत नदिनुस् । गत चुनावमा जनमत पार्टीलाई जनताले राष्ट्रिय पार्टी बनाए । भनेपछि एक स्टेप जनताले विश्वास गरे । अब ८४ मा अर्को स्टेप विश्वास गरेर पाँच गुणा संख्या बढाएर हामीले पठायौं भने निश्चितरुपमा डा.सीके राउत यो देशको प्रधानमन्त्री बन्नुहुन्छ । म विश्वास दिलाउन चाहन्छु कि उहाँ २०८४ मा प्रधानमन्त्री बन्नुहुन्छ, यसमा कहीं दुईमत छैन ।

**० अहिले संघीयता र गणतन्त्र विरोधीहरु सल्बलाइरहेका छन्, राजसंस्था फर्काउनेहरु आन्दोलनको तयारीमा छन् । यसलाई जनमत पार्टीले कसरी हेरिरहेको छ ?**

– कांग्रेस, एमाले र माओवादीको अकर्मण्यताका कारण संघीयता र गणतन्त्र विरोधीहरु सल्बलाइरहेका छन् । उनीहरु सत्तामा आएर जुन हिसावले क्रियाकलाप गरे, त्यसबाट दु:खित भएका मान्छेहरु विकल्पको रुपमा यो व्यवस्था ठिक छैन भनेर भनिरहेका छन् । तर, लोकतन्त्र, गणतन्त्र र संघीयताको विकल्प राजसंस्था होइन । लोकतन्त्रको विकल्प भनेको अझै समृद्ध, सुदृढ लोकतन्त्र हो । लोकतन्त्र नै यस्तो व्यवस्था हो जहाँ सामान्य परिवारका मान्छे राष्ट्रपति, प्रधानमन्त्री बन्न पाउँछन् । त्यसकारणले लोकतन्त्र नै उत्तम व्यवस्था हो । कांग्रेस, एमाले र माओवादीले गरेको गल्तीका कारणले केही मान्छेहरु दु:खित भएका छन् ।

**० तपाईंले उखु किसान आन्दोलनको नेतृत्व गर्नुभएको थियो, जसबाट वर्षौंदेखि भुक्तानी नपाएका किसानहरुले केही हदसम्म भुक्तानी पाए । अहिले उखु किसानको अवस्था कस्तो छ ?**

– अझ पनि उखु किसानको बक्यौता भुक्तानी भएको छैन । झन मलाई चुनावमा हराएर यसपालिको भुक्तानी नै दिएनन् । किनभने उनीहरुलाई थाहा थियो कि राकेश मिश्रले चुनाव जितेपछि नेपाल सरकारसँग भएको सम्झौताअनुसार भुक्तानी दिलाएरै छाड्छन् । मैले जितेको भए सरकारले गरेको सम्झौता कार्यान्वयन हुन्थ्यो । त्यसकारणले पैसाको खोलो बगाएर एउटा नेतालाई २०-२० लाखमा किनेको थियो । त्यो पैसा चिनी मिल मालिकहरुले दिएका थिए । नभए मेरो प्रतिस्पर्धामा कोही पनि थिएन । अहिले करोडौं रुपैयाँ खर्च गरेर उनीहरुले मलाई हराए, अहिले ५० करोड कमाउँदैछन् । त्यासैले, सबै किसानहरुको पैसा रोकिराखेका छन् । दिपावली र छठ जस्तो महान पर्वमा पनि किसानले सरकारी अनुदानको रकम नै पाएनन् ।



## राकेश मिश्र
### केन्द्रीय सदस्य, जनमत पार्टी

**० त्यो क्षेत्रबाट जित्नुभएको स्वतन्त्र सांसद डा.अमरेश सिंहले उखु किसानको समस्या कतिको उठाउनुभएको छ ?**

– उहाँलाई किसानसँग कुनै मतलबै छैन । उहाँ माल लगाओ, माल पाओवाला नेता हो । सबै उद्योगपतिबाट उहाँ लिनुभो, बाँड्नुभो, जातीय नारा लगाउनुभो र जित्नुभो । उहाँलाई जनतासँग कुनै मतलबै छैन । उहाँले प्रचण्डलाई प्रधानमन्त्री बनाउने म नै हो भनेर फोटो सार्वजनिक गर्नुभएको थियो । तर जब उहाँले मन्त्री पद पाउनुभएन अनि क्रान्तिकारी र राष्ट्रवादी हुनुभो । उहाँ आफै चप्पल लगाएर हिंड्नुहुन्थ्यो, कहाँबाट स्कारपियो चढ्दै हुनुहुन्छ ? त्यसकारणले जनताले सबै कुरा बुझ्छन् । पहिले एउटा शक्तिसँग जोडिएर माल कमाउनुभयो, अहिले त्यहीं शक्तिलाई विरोध गरेर विरोधी शक्तिसँग माल पाइरहनुभएको छ ।

**० अहिले डा.अमरेश सिंहले त देशका ठूलठूला भ्रष्टाचारका काण्डहरुका विरुद्धमा लाग्नुभएको छ नि ?**

– उहाँ त यसअघि पनि जित्दै आउनुभएको छ । त्यतिबेला किन भ्रष्टाचारका काण्डहरु देख्नुभएन त ? उहाँले मन्त्री नपाएपछि विरोधमा उत्रिनुभएको छ । यदि उहाँलाई मन्त्री पद दिइएको भए त्यो पनि भ्रष्टाचारका काण्ड देख्नुहुन्थेन । उहाँ आफै नै भ्रष्टाचारी हो । यदि उहाँ भ्रष्टाचारी नभएको भए चप्पल लगाएर हिंड्ने मान्छे आज कसरी करोडौंको गाडी चढ्दै हुनुहुन्छ ।

**० उहाँमाथि भ्रष्टाचारको मुद्दा लाग्दा उहाँले भन्नुभएको छ कि अहिलेसम्म कुनै पनि लाभको पदमा गएको छैन अनि कसरी भ्रष्टाचार गरे ?**

– अहिले उहाँ संसदमा बोल्नकै लागि पैसा पाइरहनुभएको छ भने लाभको पदमै किन बस्नुपऱ्यो । भ्रष्टाचार गर्ने तरिका त अनेक छन् नि । सांसदीय कोषको रकम पनि उहाँले दुरुपयोग गर्नुभएको छ ।

## प्रधानमन्त्री...

आए। देशमा पहुँच होइन, विधिको शासन छ भन्ने मान्यता स्थापित गर्न सरकारले कतै कुनै लापरवाही गरेन। यसबाट कानुनको सर्वोच्चतामात्र होइन, लोकतन्त्रकै सर्वोच्चता पनि स्थापित भएको छ। यसलाई मैले लोकतन्त्रको सर्भिसिङ र शुद्धीकरण भनेको छु। यो क्रम निरन्तर जारी रहनेछ। मिटरब्याजी र सहकारीका ठगहरू पनि राज्यको नियन्त्रणमा आइरहेका छन्। वर्षौंदेखिको विकृति र बेथितिको चक्र भत्काउन सरकार उत्तिकै प्रतिवद्ध छ। एनसेलको शेयर बिक्रीबारे जानकारी पाएलगत्तै अत्यन्तै संवेदनशीलताका साथ यो विषयलाई लिँदै छानविन तथा अध्ययन समितिमार्फत राष्ट्रिय हितको संरक्षण गर्न सरकार प्रतिबद्ध छ। समितिले छानविन तथा अध्ययनको काम अघि बढाइरहेको कुरा यहाँहरूलाई अवगत नै छ।

यसबीचमा किसानहरूलाई समयमै ४ लाख १ हजार मेट्रिक टन रासायनिक मल सुनिश्चित भएको छ। सतह र भूमिगत सिंचाइ आयोजनाहरूबाट थप २१ हजार १ सय ६९ हेक्टरमा सिँचाइ सुविधा पुऱ्याइएको छ। यस अवधिमा २ सय ९६ डिप ट्युबेल र ३ हजार २ सय ४४ स्यालो ट्युबेल सिँचाइ प्रणालीको निर्माण भएको छ। कृषिमा राज्यको लगानी घटेको छैन तर उत्पादकत्व बढेको छैन। सहुलियत दरमा कृषि ऋण वास्तविक किसानसम्म पुऱ्याई कृषि क्षेत्रमा उपलब्ध गराइएका अनुदानहरूलाई यसै आर्थिक वर्षभित्र एकीकृत गरी आगामी वर्षदेखि किसानको सूचीकरणका आधारमा अनुदान तथा मल वितरण गर्न सुरु गरिँदैछ। प्रमुख खाद्यान्न तथा तरकारीमा 'उत्पादनमा आधारित अनुदान प्रणाली' लागू गरिँदैछ। दूध किसानहरूको बाँकी बक्यौता २०८० चैतभित्र भुक्तानी हुँदैछ। तर, यी सुधारले मात्रै कृषि क्षेत्रले फड्को मारिहाल्ने अवस्थामा हामी छैनौं।

कृषिमा अब परम्परागत ढंगले सोचेर पुग्ने अवस्था छैन। खाद्यान्न प्रणाली तथा कृषि क्षेत्रको रूपान्तरणको लागि कृषि क्षेत्रमा सरकारी, निजी, बिकास साझेदार र सहकारी क्षेत्रको लगानी बढाउन कृषि क्षेत्रमा लगानी दशक (वि.सं. २०८१-२०९१) नै घोषणा गरी अगाडि बढ्ने सरकारको तयारी छ। आगामी असार मसान्तसम्म ३० वटा प्रयोगशालासहितको एकीकृत कृषि तथा पशुसेवा केन्द्रको निर्माण सम्पन्न हुँदैछ। कृषि उपजको बढ्दो आयात, जलवायु परिवर्तन लगायतका कारणले कृषि क्षेत्रमा परेको चाप कम गर्न र प्रमुख कृषि उपजमा आत्मनिर्भरता हासिल गर्न ठूला सिंचाइ आयोजनाको कमाण्ड क्षेत्रमा मल, विउको सुनिश्चितता एवं संरचनागत सुधारसहित १७ हजार हेक्टरमा चैते धान खेती प्रवर्द्धन गर्ने सरकारको तयारी छ। कृषि उत्पादनको प्रमुख आधार सिंचाइको विस्तार गर्न समग्र तराई क्षेत्र सिञ्चित हुने गरी नहर प्रणाली विकास गर्ने कार्य प्रारम्भ हुँदैछ।

सरकारी कार्यालयहरूबाट हुने सेवा वितरणलाई सूचना प्रविधिमा आधारित बनाइँदैछ। मेरो पहिलो कार्यकालमा रणनीतिक महत्त्वको रूपमा सुरु गरेको मध्यपहाडी लोकमार्गलाई सूचना महामार्गको रूपमा विकास गरिँदैछ। यसै क्रममा कोसी प्रदेशका सबै जिल्लामा अप्टिकल फाइबर बिछ्याउने काम सम्पन्न भएको छ। चैतभित्र सबै केन्द्रीयस्तरका सरकारी कार्यालयहरूमा सूचना प्रविधिमा आधारित एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू हुँदै छ। प्रशासनलगायत समग्र शासकीय पक्षमा सुधार गर्न प्रधानमन्त्रीकै अध्यक्षतामा तत्काले शासकीय सुधार आयोग गठन गरिँदै छ। यस्ता आयोगहरूका अन्तिम प्रतिवेदन प्राप्त भएपछि मात्र कार्यान्वयनमा लैजाने परम्पराको अन्त्य गरी यसपटक समयबद्ध सुझाव तत्काले कार्यान्वयनमा लैजाने र परिणाम दिने सरकारको तयारी छ। निजामती सेवा कानुन र सार्वजनिक खरिद कानुन संसदको आगामी हिउँदे अधिवेशनबाट पारित गरी कार्यान्वयनमा लगिँदैछ। भूमि ऐन र वन ऐनमा रहेको विरोधाभाष हटाई तिनलाई विकासमैत्री बनाइँदैछ। संसदमा विचाराधीन विधेयकहरू आगामी हिउँदे अधिवेशनमा पारित गर्न सबै राजनीतिक दलसँग सहकार्य र समन्वय भइरहेको छ।

नेपालको शान्तिप्रक्रिया संसारकै लागि अनुपम र उदाहरणीय छ। अन्तर्राष्ट्रिय मञ्चमा त्यो स्वीकारोक्ति देखिन्छ पनि। तर, त्यो प्रक्रियाका केही काम टुङ्ग्याउन बाँकी छ। अब आमसहमतिमै शान्तिप्रक्रियाका बाँकी काम सक्न म कृतसंकल्पित छु। नेपालको संविधान, सर्वोच्च अदालतको फैसला, बृहत शान्ति सम्झौता, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य मान्यता तथा पीडितको सरोकारलाई केन्द्रमा राखी बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधि सभाको कानून, न्याय तथा मानव अधिकार समितिमा छलफलको क्रममा छ। यसलाई सार्वभौम संसदबाट आमसहमतिमैं अगाडि बढाउन सकिन्छ भन्ने विश्वास छ। यसबीचमा जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन तथा विभिन्न आन्दोलनका घाइते तथा अपाङ्गहरूलाई सम्मानपत्रका साथै नि:शुल्क उपचार, रोजगारी र जीविकोपार्जनको व्यवस्था गर्न आवश्यक प्रक्रिया अघि बढाइएको छ। साथै, जनआन्दोलन र जनयुद्धका क्रममा जीवन उत्सर्ग गर्ने ८४७१ जना शहिदहरुको नामावली नेपाल राजपत्रमा प्रकाशन गरेर सम्मान प्रदान गरिएको छ। शारीरिक क्षमता भिन्न भएर पनि समाजका हरेक क्षेत्रमा योगदान पुऱ्याइरहेका अपाङ्ग समुदायले भोगिरहेको पीडाप्रति म सचेत छु। वहाँहरूको संवेदनशीलतालाई सरकारले विशेष कार्यक्रममार्फत् सम्बोधन गर्नेछ।

मैले प्रधानमन्त्रीको हैसियतमा गरेका विदेश भ्रमणहरूमा नेपालको प्राथमिकता, चासो र आपसी सहकार्यका विषय प्रष्ट राखेको छु। भारत र चीनसँग सुदृढ र सन्तुलित सम्बन्ध कायम भएको छ। नेपालको विकास प्रयासमा यी छिमेकी मुलुकहरूको सहयोग र समर्थनमा वृद्धि भएको छ। इटालीको रोममा भएको विश्व खाद्य सम्मेलनमा नेपालले खाद्य सुरक्षा र अल्पविकसित मुलुकहरूको समस्या समाधानमा राखेको प्रस्तुतिले संसारको ध्यान तानेको छ। संयुक्त राष्ट्रसङ्घको महासभा र त्यसका अन्य बैठकहरूमा नेपालले राखेका विषयवस्तुले अन्तर्राष्ट्रिय ध्यानाकर्षण पाएका छन्। मेरो निमन्त्रणामा भएको संयुक्त राष्ट्र संघका महासचिवको नेपाल भ्रमण र अघिल्लो महिना दुबईमा भएको जलवायु परिवर्तनसम्बन्धी सम्मेलन 'कोप-२८' मा नेपालको प्रस्तुति फरक र प्रभावकारी रह्यो। यस्तो सम्मेलनमा पहिलोपटक छुट्टै साइडलाइन बैठक आयोजना गरी नेपालले सन्देश दियो, अब जलवायु संकटबाट प्रभावित पर्वतीय मुलुकहरूको आवाजलाई नेपालले नेतृत्व गर्नेछ र 'कोप-२८' का उपलब्धिको रक्षा र विकास गर्नेछ। जलवायु न्याय र समानताको अवधारणालाई नेपालले अझ प्रभावकारी रूपमा प्रवर्द्धन गर्ने समय आएको छ। जलवायु संकटको मुख्य कारक रहेको कार्बन उत्सर्जन घटाउन र जलवायु वित्त परिचालन गर्ने दायित्व पूरा गर्न विश्व समुदायलाई हामी घच्घच्याइरहने छौं। अन्तरमन्त्रालय संयन्त्र र विज्ञसम्मिलित अन्तर्राष्ट्रिय वार्ता टोली बनाई त्यसलाई पूर्ण म्यान्डेटसहित संयुक्त राष्ट्र संघलगायतमा बहुपक्षीय वार्ताहरूमा नेपालका प्राथमिकता प्रस्तुत गर्न र अवसर जुटाउन परिचालन गरिँदैछ। यसका साथै, कार्बन व्यापारमा पहुँच र जलवायु परिवर्तन सम्बन्धी हरित जलवायु कोष, हानी र नोक्सानी कोष लगायतमा नेपालको पहुँच बढाउन र छिटो सहयोग प्राप्त गर्न नियमित लबिङ गर्दै देशमा आवश्यक संस्थागत संयन्त्रलाई सुदृढ गरिँदैछ। इजरायलमा हमासको आक्रमणपछि जति तेज गतिमा नेपाली नागरिकको सकुशल उद्धार गरियो, त्यो आफैंमा एउटा उदाहरण हो भन्नेमा कसैको विमति नहोला। जसरी सुडानबाट ३१ जना नेपालीको उद्धार गरियो, त्यसैगरी रुस-युक्रेन युद्धमा फसेका नेपालीहरूको शीघ्र उद्धारका

बाँकी पृष्ठ ४ मा

# प्रधानमन्त्री...

लागि म निरन्तर कुटनीतिक संवादमा छु। मेलम्चीको पानी काठमाडौंवासीले उपयोग गर्ने सपना अधुरो रहेको बुझिरहेको छु। मैले मेलम्चीको समस्याका बारेमा सबैसँग छलफल पनि गरेँ। मेलम्चीको पानी काठमाडौं आउँदैन भन्ने भाष्यलाई गलत साबित गर्नु छ। १७ करोड लिटर पानी एक महिनाभित्र सुन्दरीजलमा पुऱ्याउने लक्ष्यसहित २८ दिनको कम्प्याक्ट योजनासहित अहिले म काम गरिरहेको छु। मेलम्चीको दोस्रो चरण आयोजनाबारे पनि संवाद जारी छ यति मात्रै होइन खानेपानी सम्बन्धी काम गर्ने निकायको संरचनागत सुधार गर्नेतर्फ प्राथमिकता रहनेछ।

युगौंदेखि जातीय छुवाछूत र आत्मसम्मानको पीडा खेपेर बाँचिरहेका दलित समुदायको अवस्था लोकतन्त्र स्थापना भएपछि पनि अपेक्षित सुधार हुन सकेको छैन। दलित समुदायलाई इतिहासदेखि नै हुँदै आएको विभेदको परिपूरण गर्न, क्षतिपूर्ति दिन, विशेषाधिकार दिन राज्यले कन्जुस्याइँ गर्नु हुँदैन। सामाजिक न्यायको प्रत्याभूति गर्नु संविधानको प्रस्तावनाको मर्मको पहिलो शर्त हो। त्यसैले दलित समुदायको ऐतिहासिक ज्ञान र सीपलाई आधुनिक शील्पशालाहरूमार्फत संस्थागत र विकास गर्ने, दलित समुदायलाई अरूसरह योग्य बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गर्ने र हालका संरचनाहरूलाई समेत पुन:संरचना गरी दलित विकास प्राधिकरणसम्म पुऱ्याउनेमा म सकारात्मक छु।

नेपालमैं जन्मेर, बुवाआमा नेपाली भएर पनि पहिचानको पीडा झेल्दै बाँचिरहेका लाखौं नेपाली नागरिकलाई नेपाली नागरिक हुनुको गौरव नागरिकता ऐन जारी भएसँगै प्राप्त भएको छ। योसँगै गैरआवासीय नेपालीहरूको आफ्नो पुर्खासँग साइनो जीवित राख्न गैरआवासीय नागरिकता वितरणको प्रक्रिया पनि सुरु भएको छ। विदेशमा रहेका नेपालीहरूले मतदान गर्न पाउने तयारी सरकारले अगाडि बढाएको छ।

नागरिक जहाँ जहाँ राज्यसँग ठोकिन्छन्, ती सबै बिन्दूमा शासकीय सुधार मेरो प्रतिवद्धता हो। स्थानीय तहसमेतको सहयोगमा माघ मसान्तभित्र जनघनत्वका आधारमा जिल्ला प्रशासन कार्यालयहरूमा थप जनशक्तिको व्यवस्था गरी रार्षट्रिय परिचयपत्र र राहदानी प्राप्त गर्ने समयावधि छोट्याइनेछ। राहदानी छपाई कार्यलाई प्रतिस्पर्धाका आधारमा अघि बढाइनेछ। यसैगरी अनलाइनबाटै राहदानी नवीकरणको प्रक्रिया अघि बढाउने तयारी भइरहेको छ। वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउने दिशामा सरकार गठनसँगै केही महत्वपूर्ण निर्णय गरिएको यहाँहरूलाई थाहै छ। यसबीचमा श्रम स्वीकृति र पुन:श्रम स्वीकृति कार्यलाई पूर्णरूपमा अनलाइन गरियो। २ वर्षे सीमालाई परिमार्जन गरी करार अवधि बमोजिम नै श्रम स्वीकृति दिने व्यवस्था भयो। विदेशस्थित नियोगबाटै पुन:श्रम स्वीकृति प्रदान गर्ने व्यवस्थादेखि टेलिमेडिसिन सेवासम्म उपलब्ध गराइयो। वैदेशिक रोजगारीका क्रममा हुने ठगी नियन्त्रण एवं राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन मार्सल टिम, शीघ्र प्रत्युत्तर टोली, चौबीसै घण्टा गुनासो सुन्नेगरी श्रम कल सेन्टर सञ्चालनमा ल्याइयो। यसले वैदेशिक रोजगारमा जाने नागरिकलाई अलिकति सजिलो पक्कै बनायो। तर, हामीले प्रक्रियागत गाँठा फुकाएर मात्र खुसी हुने अवस्था छैन। विप्रेषणको सदुपयोग र फर्केपछि सीपको सदुपयोगसहितको गुणस्तरीय जीवनका लागि धेरै काम गर्न बाँकी छ, जुन अब मेरो प्राथमिकतामा छ।

देशभित्र श्रमिकहरूको न्यूनतम ज्याला वृद्धि गरी रु. १७ हजार ३ सय ५० पुऱ्याइएको छ। वैदेशिक रोजगारमा गएका, विदेशमा स्वरोजगारमा रहेका, स्वदेशभित्र अनौपचारिक क्षेत्र र स्वरोजगारमा रहेका समेत गरी ९ लाख ५० हजार व्यक्ति योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समाहित भएका छन्। वैदेशिक रोजगारीमा जानेलाई बैंकसँग जोडन नसक्दा मिटरब्याज र चर्को ब्याजको शिकार हुनुपरेको छ। त्यसैले वैदेशिक रोजगारीको प्रक्रियालाई पूर्ण अनलाइन गरी बैंकिङ प्रणालीसँग जोडिँदैछ।

यसै वर्षको चैतभित्र सरकारी कार्यालय, संस्थान र प्रतिष्ठानहरूमा कार्यरत करार र ज्यालादारी कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिँदैछ। कम्पनी रजिष्ट्रारको कार्यालयलाई पूर्ण स्वचालित प्रणालीमा लगिँदैछ। यसै आर्थिक वर्षभित्र कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका सूचना प्रणालीलाई एक आपसमा आबद्ध गरी उद्योग व्यवसाय दर्ता र नवीकरणका लागि पटकपटक एउटै कागजात विभिन्न निकायमा बुझाउनुपर्ने झण्झटिलो व्यवस्था हटाइँदैछ।

लामो समयदेखि बन्द रहेको तातोपानी-खासा, रसुवा-केरूङ्ग, हिल्सा-पुराङ्ग र मुस्ताङको कोरला नाका द्विपक्षीय व्यापारका लागि खुला भएका छन्। त्रिदेशीय कनेक्टीभिटीको विषय मैले दोस्रोपटक प्रधानमन्त्री हुँदा नै उठाएर चीन र भारत जोड्ने सडक करिडोरको घोषणा गरेको थिएँ। अहिले महाकाली करिडोरको काम द्रूत गतिमा अघि बढेको छ। ताक्लाकोट जोड्ने दीपायल खुटिया सडकका लागि बजेट सुनिश्चित भएको छ। दोधारा-चाँदनी सुक्खा बन्दरगाह निर्माणका लागि भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गर्ने गरी समझदारीपत्रमा हस्ताक्षर भई संरचना निर्माणको कार्य प्रारम्भ भएको छ। नेपालगञ्जस्थित एकीकृत जाँच चौकी सञ्चालनमा आएको र विराटनगरस्थित एकीकृत जाँच चौकी आइसीपीमा रेलवे कार्गोको सुरुवात भएको छ।

जाजरकोट-भूकम्पपछि खोज र उद्धारमा सरकारले लिएको तदारुकताले पनि राज्यप्रति जनताको भरोसा बढाएको छ। भूकम्पका कारण आवास क्षति भई बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थायी आवास निर्माणका लागि प्रतिपरिवार रु. ५० हजार दिने निर्णय गरि २ अर्ब २६ करोड निकासा गरियो। साथै, चालु आर्थिक वर्षका लागि संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमका लागि विनियोजना गरिएको रकम रु. आठ अर्ब २५ करोड हाललाई भूकम्पपछिको पुनर्निर्माण तथा पुनर्स्थापनामा खर्च गर्ने र थप रु. १ अर्ब ७५ करोड समेत सो कोषमा थप गरी रु. १० अर्ब विपद व्यवस्थापनका लागि गराइँदैछ। अब एक महिनाभित्र अस्थायी पुनर्निर्माणको काम सम्पन्न गरिसकिनेछ।

सङ्घीय र प्रादेशिक तहमा गरी देशभर कुल ३५२३ जनरल शय्या गरिब तथा विपन्न नागरिकको लागि नि:शुल्क उपलब्ध गराइएको छ। सरकारले प्रदान गर्दै आएका अत्यावश्यक औषधीहरूलाई राज्यका तर्फबाट नै उत्पादन गरी औषधीमा आत्मनिर्भर बन्न नेपाल औषधी लिमिटेडमार्फत पहिलो चरणमा २० प्रकारका औषधी उत्पादनका लागि पूर्वतयारी गरिएको छ। हेलो सरकारको कार्यकक्ष व्यवस्थित र प्रविधिसम्पन्न बनाई गुनासो सुनुवाई कार्य चौबीसै घण्टा सुरु गरिएको छ। मीटरब्याज, लघुवित्त र सहकारी पीडितहरूलाई न्यायका लागि सरकारले सक्रियता लिएको छ। सरकारले लाखौं भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासी र स्वबासीहरूको समस्या समाधान गर्न एकसाथ जग्गाधनी प्रमाणपत्र दिने तयारीमा छ। हालसम्म करिब १० लाख भूमिहीनको लगत संकलन भइसकेको छ। जग्गा वितरणका लागि ४१ हजार हेक्टर जग्गा वितरणको लागि नाप नक्साङ्कन गरिएको छ। साथै, कानुनी जटिलता फुकाउन वन ऐन र भूमि ऐन संशोधन तथा राजस्वमा ५० प्रतिशत छूटको निर्णय तत्काल गरिँदैछ। हरेक वर्ष रार्षट्रिय पर्वकै जस्तो पुरानै समयमा पुरानै माग लिएर उखु किसानले आन्दोलन गर्नुपर्ने बिडम्बनापूर्ण अवस्थाको अब अन्त्य भएको छ। उखु उत्पादक कृषकहरूलाई प्रतिक्विन्टल रु. ७० अनुदान पाउने गरी उखुको खरिद मूल्य रु. ६३५ प्रतिक्विन्टल तोकिएको छ। उखु उत्पादक किसानहरूको बक्यौता अनुदान रकम रु. १ अर्ब ३२ करोड अनुदान वितरणको व्यवस्था मिलाइएको छ।

सूचना प्रविधि क्षेत्रमा आफ्नै तत्परतामा हजारौं युवाहरूले झन्डै सत्तरी अर्ब यसै वर्षमात्र देशमा ल्याएका छन्। अब म उनीहरूसँग नियमित संवादमा बस्छु, उनीहरूलाई अवरोध पुगेका सबै गाँठा फुकाउँछु र परिणाममुखी संयन्त्र बनाउँछु। देश किन सोचेजति अघि गएन भने हामीले उद्यमशीलताको विकास गर्न सकेनौं भन्ने समीक्षा गरी अब म उद्यमशीलताको माध्यमबाट आर्थिक उन्नति र रोजगारीको घोषणा गर्दछु। सबै किसिमका नीति, कानुन र स्रोतलाई उद्यमशीलताको दिशामा उन्मुख गराउन तत्काल एकीकृत रणनीति बनाइँदैछ। गैरसरकारी क्षेत्रका स्रोतलाई एउटै बास्केटमा राखेर परिचालन गर्ने रणनीति बन्दैछ भने सबै किसिमका स्रोतलाई 'च्यालेन्ज फन्ड' मा राखेर परिचालन गरिँदैछ। यस आर्थिक वर्षभित्र उद्योग मन्त्रालयबाट योग्यता पुगेका स्टार्ट अपलाई ५ वर्षको लागि २ प्रतिशत ब्याजदरमा ५० लाखसम्म ऋण दिने व्यवस्था मिलाइँदैछ। नागरिकमा उद्यमशील सोच जगाउन विद्यालयदेखि विश्वविद्यालयसम्म समुदायका यथार्थ र सम्भावनासँग जोडिएको प्रविधिउन्मुख पाठ्यक्रम पनि तयार गरिँदैछ।

आदरणीय आमाबुवा, दिदीबहिनी र दाजुभाइहरू, लोकतन्त्र बलियो नभई विकासले गति लिन सक्दैन, जनतामा त्यसको लाभको समान वितरण पनि हुन सक्दैन। अहिले एकथरीले व्यवस्थाप्रति वितृष्णा जगाउन गलत र भ्रामक प्रचारको सहारा लिएका छन्। अहिलेभन्दा हिजो एकात्मक शासन राम्रो थियो भन्ने तिनको भाष्य बिलकुल गलत छ। संघीयताले जनप्रतिनिधि बढे, खर्च बढ्यो भन्ने भाष्य बनाउन खोजिएको छ। तर सत्य के हो भने एकात्मक राज्य व्यवस्थामा कूल एक लाख पचपन्न हजार ८ सय ६२ जनप्रतिनिधि थिए भने अहिले जम्मा अट्ठाइस हजार ४ सय त्रिपन्न जनप्रतिनिधि छन्। हिजो एउटा गाविसमा ४७ जना जनप्रतिनिधि थिए, ती अहिले सामन्यत: वडामा रूपान्तरण भएका छन् र जम्मा पाँच जना जनप्रतिनिधि छन्। तर तिनले गरेका कार्यहरूले जनतालाई कति धेरै छुन्छ भन्ने उदाहरण त गत कार्तिकको जाजरकोट भूकम्पपछि बिहान ३ बजेदेखि नै भूकम्पपीडितको खोज, उद्धार र राहतमा खटेका जनप्रतिनिधिको सक्रियताले देखाउँदैन र ?

हिजो दलित, आदिवासी-जनजाति, मधेसी, थारु, मुस्लिमको राज्यका निकायमा प्रतिनिधित्व प्रतीकात्मक र दयापूर्ण थियो, आज सुनिश्चित र अधिकारपूर्ण छ। हिजो महिला अधिकार र प्रतिनिधित्व राज्यको एजेण्डामै थिएन, आज संविधानले नै केन्द्र र प्रदेशमा ३३ प्रतिशत अनि स्थानीय तहमा ४० प्रतिशत सुनिश्चित गरेको छ। हिजो न्याय माग्न पनि डराउनुपर्ने सीमान्त वर्ग र वर्ण आज आफैं न्याय दिने ठाउँमा पुगेका छन्। सामाजिक न्यायका दृष्टिले के यो ठूलो परिवर्तन होइन ? ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिले अहिले पाइरहेको भत्ता सामाजिक सुरक्षाका हिसाबले ठूलो उपलब्धि होइन ? प्रतिव्यक्ति आय, विदेशी मुद्रा सञ्चिति, विद्युत् उत्पादन, सडकको पहुँच, साक्षरता, औसत आयु, खानेपानी र सरसफाइमा हिजो अवस्था के थियो र आज के छ ? हामी आफैंले भोगेर आएको त्यो स्थिति र अहिलेको परिस्थिति के छ ? म केवल यत्ति सोध्न चाहन्छु, लोकतन्त्रले जगाएको सामाजिक चेतना र रूपान्तरण लोकतन्त्रकै विरुद्ध प्रयोग गर्ने धृष्टता देशका लागि घातक छैन र ?

म प्रदेशलाई बलियो बनाएर लैजानुपर्छ भन्ने पक्षमा दृढ छु। पछिल्लो समय प्रदेश मुख्यमन्त्रीहरूको असन्तोष मैले सुनेको छु र बुझेको पनि छु। म आज यही सम्बोधनबाट उहाँहरूलाई विश्वास दिलाउँछु, संघीयताका सबै गाँठा निकै छिटो फुकाइँदैछन्। राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक मैले नै डाकेको हुँ। सङ्घ, प्रदेश र स्थानीय तहको कार्यसम्पादनमा देखिएको दोहोरोपन र अस्पष्टता हटाउन कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जन गरिँदैछ। रार्षट्रिय सभाको सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका सिफारिसहरू पनि कार्यान्वयनको चरणमा छन्। पूर्वाधार विकासमा थप गति दिन संविधानबमोजिम तीन तहका सरकारबीचको कार्यक्षेत्रमा स्पष्टता ल्याई पूर्वाधार विकासका कार्यक्रममा रहेको दोहोरो-तेहेरोपन हटाइँदैछ। सरकारका तीनै तहबीच प्रशासनिक समन्वय र सहकार्यका लागि नेपाल सरकारका मुख्यसचिवको संयोजकत्वमा प्रदेशका प्रमुख सचिवहरू सम्मिलित प्रशासनिक समन्वय परिषद्को बैठक बसेर आवश्यक काम गरिरहेको छ। संघीयतालाई वास्तविक रूपमा नै कार्यान्वयन गर्न म प्रतिबद्ध र दृढ छु। यसका लागि जरूरी कानुन तुरुन्त ल्याउन म तयार छु। म आज जनतालाई साक्षी राखेर माननीय मन्त्रीहरूलाई पनि भन्न चाहन्छु, हामीलाई असफल हुने छूट छैन। कार्यसम्पादन कमजोर भएको अवस्थामा म कसैलाई माफ गर्नसक्ने अवस्था र मनस्थितिमा छैन। हामी सबै आ-आफ्नो भूमिकामाथि न्याय गर्नैपर्ने नैतिक दबाबमा छौं। कार्यक्षमता प्रमाणित गर्न सकेनौं भने कसैले पनि अब ठाउँ ओगटिरहनु हुँदैन, छाडिदिनुपर्छ। यो मैले अरूलाई दिएको उपदेशमात्र होइन, आफैंसँग गरेको वाचा पनि हो। देशमा सकारात्मक परिवर्तन र आशा जगाउन नसके मैले पनि पद ओगटिरहन जरूरी छैन।

अन्त्यमा, म मलाई विश्वासको मत दिने र निरन्तर साथ दिने सबै माननीयहरू, सिंगो संसद र राजनीतिक दलहरूप्रति आभार प्रकट गर्दछु। गठबन्धन सरकार भन्ने बित्तिकै ठूलो तानातानी, अस्थिरता र अराजकताको चित्र आउँछ तर म गठबन्धनका सबै घटक र नेतृत्वप्रति आभारी छु किनकि अहिले न स्थायित्वमा कुनै प्रश्न छ, न सरकारमा कुनै तानातानी। यो एक वर्षको साथका लागि सरकारका सबै मन्त्री, कर्मचारी प्रशासन, नागरिक समाज, सञ्चारजगत र जनसमुदायमा म कृतज्ञता ज्ञापन गर्दछु। शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउन संविधान कार्यान्वयनसँग जोडिएका महत्त्वपूर्ण विषय कार्यान्वयन गर्न तथा रार्षट्रिय महत्त्वका अन्य विषयहरूमा सहकार्यका लागि प्रमुख प्रतिपक्ष लगायत अन्य राजनीतिक दलसँग संवाद र समझदारीका लागि म निरन्तर प्रयत्नशील रहनेछु। आजसम्मका सबै ऊर्जा र अनुभव खन्याएर म एकपटक राष्ट्रनिर्माणमा निर्णायक रूपमा होमिन तत्पर र प्रतिबद्ध छु। त्यसमा म समस्त देशबासीको साथ र सहयोग चाहन्छु। हामी मिलेर यो देश बनाउन सक्छौं र बनाउँछौं। यो प्राचीन देशले आफ्नो इतिहासको नयाँ र शानदार अध्याय लेख्नै बाँकी छ, जुन हामी मिलेर लेख्नेछौं।

धन्यवाद !

## मधेश अपडेट

### प्रधानमन्त्रीलाई ज्ञापनपत्र

इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लाको प्रमुख समस्याको रुपमा रहेको छाडा पशुचौपाया व्यवस्थपन गर्न भन्दै जिल्लाका जनप्रतिनिधि सहितको एक टिमले प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाएको छ । छाडा चौपाया व्यवस्थापन गम्भिर समस्याको रुपमा देखिएकाले उक्त समस्याको समाधानको मागसङ्गै जाजरकोट भुकम्प पीडित प्रधानमन्त्री उद्धार कोषमा जिल्लाको तर्फ बाट २२ लाख प्रदान गरिएको हो । उक्त कार्यक्रमा कपिलवस्तुका प्रतिनिधि सभा सदस्य तथा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री सुरेन्द्र राज आचार्य, राष्ट्रिय सभा सदस्य बिमला घिमिरे, जिल्ला समन्वय समिति प्रमुख बाबुराम आचार्य, बाणगंगा नगरपालिका प्रमुख चक्रपाणी अर्याल, कपिलवस्तु नगरपालिका प्रमुख सुदिप पौडेल, बुद्धभुमि नगरपालिका प्रमुख केशव कुमार श्रेष्ठ, , कृष्णनगर नगरपालिका प्रमुख रजत प्रताप शाह, विजयनगर गाउँपालिका प्रमुख गोपाल बहादुर थापा लगायतको उपस्थिति रहेको थियो ।

### प्रदेश प्रमुखसमक्ष राष्ट्रिय दलित आयोगद्वारा तेश्रो वार्षिक प्रतिवेदन पेश

विराटनगर । कोशी प्रदेश प्रमुख परशुराम खापुङसमक्ष राष्ट्रिय दलित आयोगका सदस्य टुन्ज बराइलीको नेतृत्वमा तेश्रो वार्षिक प्रतिवेदन पेश भएको छ । नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आर्थिक वर्ष ०७९/८० को प्रतिवेदन पेश भएको हो । प्रतिवेदन बुझ्दै प्रदेश प्रमुखले वि.सं. २०२० भाद्र १ गते जारी भएको मुलुकी ऐनले छुवाछुत हुनुहुन्न भनेर तोकिएपनि अहिलेसम्म भेदभाव भइरहनु दु:खद भएको बताएका छन् । पछिल्ला दिनमा दलित समुदायबाट स्वास्थ्य सेवामा कार्यरतको हातबाट औषधि नलिनु जस्ता घट्नाले लज्जित बनाएको बताएका थिए । साथै, यो समस्या दलितको मात्रै नभई राष्ट्रिय समस्या भएको प्रदेश प्रमुखले बताए । त्यसैगरी राष्ट्रिय दलित आयोगका माननीय सदस्य टुन्ज बराइलीले दलित समुदायले छोएको पानी मात्रै नभई माया पनि चल्न छोडेको बताए । युवावस्थामा प्रेम भएपनि जातको कारण मारिनेसम्मको घटना दु:खद भएको उनको भनाई थियो ।

### सडक खाना महोत्सव हुने

रुपन्देही । लुम्बिनी होटेल संघ नेपालको आयोजनामा अङ्ग्रेजी नयाँ वर्षको उपलक्ष्यमा सडक खाना महोत्सव हुने भएको छ । लुम्बिनीमा हुने सडक खाना महोत्सवमा स्थानीय खानपिनका परिकार साथसाथै अन्तर्राष्ट्रिय बिहारहरूको सहयोगमा चीन, जापान, कोरिया, भियतनाम, कम्बोडिया, म्यानमार, श्रीलङ्का आदि देशका परिकारहरू समेत रहने बताइएको छ । स्थानीय थारु समुदाय, मुस्लिम समुदाय, पश्चिमी तराइका ब्राह्मण समुदाय, नेवारी समुदाय, गुरुङ मगर समुदाय, पाल्पाको झिनिया रोटी, यश क्षेत्रकै नामि मिठाई इमृती लगायतका खाने कुरा सडक महोत्सवमा रहने छन् । महोत्सवमा सहभागी अतिथिहरूलाई लुम्बिनी होटल सङ्घले पुस १६ गतेका दिन होटल कोठामा १५ प्रतिशत छुटमा उपलब्ध गराउने भएको छ । लुम्बिनी सांस्कृतिक महोत्सव तथा दशौं सडक खाना महोत्सवमा सडकमै विभिन्न जातजातिका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र प्रचलित खानाका परिकारहरू, महोत्सवमा सांस्कृतिक सुगन्ध, साङ्गीतिक साँझ, लुम्बिनीको विशेष उपहार उपलब्ध हुने लुम्बिनी होटल संघ नेपालले जनाएको छ । महोत्सवको लुम्बिनी सांस्कृतिक नगरपालिका, लुम्बिनी बिकास कोष, लुम्बिनी पर्यटन बिकास परिषद् लगायतका संघ संस्था आयोजक रहेका छन् ।

### लाइन काटिएको विरोधमा प्रदर्शन

बारा । नेपाल विद्युत् प्राधिकरणले बिजुलीको लाइन काटिदिएको विरोधमा बाराको सिमरामा मजदुरहरूले प्रदर्शन गरेका छन् । उद्योग बन्द हुँदा आफूहरूको रोजीरोटी सङ्कटमा परेको भन्दै जगदम्बा स्टिल, त्रिवेणी स्पिनिङ मिल र हुलास स्टिलमा कार्यरत मजदुरहरूले प्रदर्शन गरेका हुन् । जगदम्बा स्टिल उद्योगका मजदुरहरूबाट सुरु भएको विरोध प्रदर्शनमा त्रिवेणी स्पिनिङ मिल र हुलास स्टिलमा कार्यरत मजदुरहरू पनि जोडिएका थिए । उद्योग र प्राधिकरण बीचको द्वन्द्वको मारमा मजदुरहरूले आफूहरू परेको उनीहरूले गुनासो गरेका छन् । जगदम्बा स्टिलमा करिब ३ हजार ५ सय, त्रिवेणी स्पिनिङमा करिब २ हजार ५ सय र हुलास स्टिलमा करिब एक हजार ५ सय मजदुरहरू कार्यरत छन् । आ-आफ्ना कारखानाबाट प्लेकार्डसहित प्रदर्शनमा निस्किएका उनीहरूले नेपाल विद्युत् प्राधिकरणको कार्यालय घेराउ गरी ईलाका प्रशासन कार्यालयलाई ज्ञापन पत्र बुझाएका छन् ।


सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# आलु, लसुन प्याज जस्ता वस्तुहरूमा भ्याट लगाउनु गलत : सांसद चौधरी



काठमाडौं । बर्तमान कर प्रणाली थौरै बैज्ञानीक र प्रगतिशील भएतापनि अपुरो रहेकोले कर प्रणालीलाई सुधार्न जरुरी रहेको नेकपा एमालेकी सांसद तथा संसदको अर्थ व्यवस्था समितिकी सदस्य भगबती चौधरीले बताएकी छन् । आइतबार नगरकोटमा आयोजित न्यायीक कर प्रणालीका नीतिगत वहस कार्यक्रममा सहभागी हुँदै चौधरीले चालू आर्थिक वर्षको बजेटमा सरकारले आम नागरिकका अत्यावश्यक वस्तुहरुमा समेत कर लगाउनु गलत भएको पनि बताइन् ।
मुल्य अभिबृद्धिकर केही बैज्ञानिक तथा प्रगतिशिल हुँदै गइरहेपनि त्यसमा सुधार गर्नुपर्ने बताउँदै चौधरीले संसदको अर्थ समितिमा बजेटका बेला अर्थमन्त्री र राष्ट्र बैंकमा गर्भनरलाई समेत बोलाएर छलफल हुने पनि बताइन् ।
'हाम्रो कर प्रणाली केही प्रगतिशिल र बैज्ञानिक त हुँदै गएको छ । तर, त्यसमा धेरै सुधारको खाँचो छ ।' करका बारेमा सांसदहरु समेत अनविज्ञ भइरहेको अवस्थामा सरकारले जनतालाई प्रष्ट रुपमा बुझाउन नसकेको भन्दै चौधरीले कर सचेतनाहरु राज्यका तीनै तहका निकायहरुले गर्नुपर्नेमा जोड दिइन् ।
चालू आर्थिक वर्षको बजेटमा स्वास्थ्य क्षेत्रमा केही छुटहरु दिएको मदिराजन्य, मादकपदार्थमा कडाई गरिनु सकारात्मक रहेको भएतापनि आम नागरिकका भान्साकोठामा दैनिक प्रयोगहुने वस्तुहरु आलु प्याज लसुनहरुमा पनि कर लगाइनु गलत चौधरीले चर्चा गरिन् ।
'आम जनताले प्रयोग गर्दे लसुन प्याज, आलुजस्ता वस्तुहरुमा भ्याट लगाउनु गलत हो । यी बस्तुहरु आम्दानी नभएकाले पनि खाने भएकाले उनीहरुलाई असर गरेको छ ।'
सकारात्मक हिसाबले सोच्दा आत्मनिर्भर हुने कुरा भएतापनि यी वस्तुहरुमा तत्कालै आत्मनिर्भर हुन नसकिनेले ब्यापारीहरुबाट किनेर खाँदा उपभोक्तालाई असर गरेको चौधरीको भनाई छ । बरु स्वास्थ्यमा असर गर्ने मदिरा, चुरोट खैनी जस्ता वस्तुहरुमा कर बढाउन चौधरीको सुझाब छ ।
कर प्रणाली बैज्ञानिक, ब्यवहारिक र प्रगतिशिल बनाउने सन्दर्भमा संसदको अर्थ समितिमा बजेटका बेलामा अर्थमन्त्री, राष्ट्र बैंक समेतलाई बोलाएर छलफल गरिएको बताउँदै सांसद चौधरीले राजश्वलाई बैज्ञानिक बनाउने सवालमा विज्ञहरुसँग छलफल र वहस गर्न जरुरी रहेको बताइन् ।
चौधरीले स्थानीय निकायमा बढी कर उठाइरहेको बताउँदै स्थानीय निकायहरुले सम्पत्ति कर सयौं गुणा बढाउँदा जनता आक्रान्त भएको बताइन् । जन्मदर्ता, मृत्यु दर्ता, मालपोत कर अब्यवहारिक रुपमा ग्रामिण क्षेत्रमा अत्याधिक उठाइरहेको चर्चा गर्दै उनले कुन शिर्षकमा कती कर उठाउनु पर्छ त्यसलाई बैज्ञानिक बनाउनु पर्नेमा जोड दिइन् ।
छलफलमा बोल्दै माओवादी केन्द्रका सांसद माधब सापकोटाले दलाल पुँजीवादीले वा बिचका ब्रोकरहरुले लविङ गरेर अगाडी बढाएका फायलहरु एउटापनि नरोकिएको तर सर्वसाधारणले ल्याएका फायलहरु अख्तियारले, सम्पत्ति सुद्धिकरणले, वन मन्त्रालय, वन बिभाग आदीमा अनेक तरहले रोकिइरहेको बताउँदै कर लागूगर्ने सवालमा राज्य निष्पक्ष हुनुपर्ने बताए ।
नेकपा एमालेका सांसद हरिप्रसाद उप्रेतीले हाम्रो व्यवस्था समाजवाद उन्मुख भएपनि कर प्रणाली समाजवाद उन्मुख नरहेको बताउँदै कर प्रणाली संविधान अनुसार हुनुपर्नेमा जोड दिए ।
टाफजा नेपालले आयोजना गरेको कार्यक्रममा नेपाली कांग्रेसका नेता पूर्वमन्त्री भिमसेनदास प्रधान, नेकपा समाजवादीकी नेतृ रामकुमार झाक्री लगायत संघ, प्रदेशका सांसदहरुको सहभागीता रहेको थियो ।

## सुदूर पश्चिम प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी सम्पन्न

कैलाली । सूदूर पश्चिम प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री शिवराज भट्टको प्रमुख आतिथ्यमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र सुदूर प्रदेश प्रहरी कार्यालय धनगढीद्वारा संयुक्त रूपमा आयोजित सुदूरपश्चिम प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा एक दिवसीय गोष्ठी २०८० धनगढीमा बुधबार सम्पन्न भएको छ ।

गोष्ठीमा सुदूरपश्चिम प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री भट्टले समाजमा शान्ति सुरक्षा लगायत अपराध अनुसन्धान गर्न प्रहरी र नागरिक बिचको सम्बन्ध सुमधुर हुनुपर्ने बताउनुभयो । प्रहरीले अपराध अनुसन्धानलाई थप प्रभावकारी बनाउनका लागि समयसापेक्ष नयाँ प्रविधिहरूको प्रयोगमा जोड दिँदै जानुपर्ने उल्लेख गर्दै उहाँले प्रहरी कार्यालयहरुको भौतिक संरचना निर्माण तथा स्रोतसाधन सम्पन्न बनाई अपराध अनुसन्धान कार्यमा प्रहरीलाई शसक्त बनाउन प्रदेश सरकार सदैव प्रतिवद्ध रहेको बताउनुभयो ।
गोष्ठीलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले साधन स्रोतको सीमितता, भूगोलको जटिलता र विविध चुनौतीहरूका बाबजुद यस प्रदेशमा घटित विविध घटनाहरूको सफल अनुसन्धान गरी कानूनी राज्यको प्रत्याभूति दिलाउनमा यस प्रदेश अन्तर्गतका प्रहरी कर्मचारीहरूले निभाएको भूमिकाको प्रशंसा गर्नुभयो । अपराध अनुसन्धानलाई वैज्ञानिक, व्यवस्थित एवम् प्रमाणमुखी बनाई न्यायिक प्रकृयामा सही, निष्पक्ष र पूर्ण व्यावसायिक भई कार्य सम्पादन गर्न अपराध प्रवृत्ति एवम् तथ्याङ्कहरूलाई समेत केन्द्रबिन्दुमा राखी योजनाबद्ध ढंगले अघि बढ्न जरूरी रहेको बताउनुभयो ।
प्रहरी महानिरीक्षक कुँवरले प्रभावकारी र वस्तुनिष्ठ अनुसन्धान फौजदारी मुद्दा सफलताको कडी भएको र यसको लागि अपराध अनुसन्धानको क्षेत्रमा आवश्यक पर्ने घटनास्थल सुरक्षा, प्रमाण संकलन, संरक्षण र परीक्षणदेखि मिसिल तयार गर्ने जिम्मेवारीका लागि अनुसन्धान कार्यमा संलग्न प्रहरी कर्मचारीहरूमा कानूनी ज्ञान, विशेष सीप, दक्षता र लगनशीलता आवश्यक रहने बताउनुभयो । साथै अपराध अनुसन्धानको लागि ज्ञान, सीप, दक्षता, अनुभव, अथक लगाव र दृढ संकल्पका अतिरिक्त सरोकारवाला निकाय र समाजसँगको सहकार्य र समन्वय समेत महत्वपूर्ण रहनेमा उहाँले जोड दिनुभयो ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
**सर्लाही, मधेश प्रदेश**



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**महोत्तरी गाउँपालिका**
**महोत्तरी, मधेश प्रदेश**


## संक्षिप्त समाचार

### जसपाको धनकुटा जिल्ला समिति पुनर्गठन

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालको धनकुटा जिल्ला समिती पुनर्गठन भएको छ । शनिबार धनकुटा बजारमा आयोजित भेलाले पार्वती राईको अध्यक्षतामा ४३ सदस्यीय समिती पुनर्गठन गरेको हो । समितिको उपाध्यक्षमा सरोज आठपहरिया, दिवा चेम्जोङ, सचिव डम्बर कटवाल, उपसचिव नारायण जुन राई, कमल भन्डारी र कोषाध्यक्ष नाचुराम राई चयन भएका छन । पार्टीका राजनीतिक समिति सदस्य राजकुमार राईको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवम् कोसी प्रदेश समितिका सह इन्चार्ज आरसी तुम्बालगायत उपस्थित रहेका थिए ।

### गाँजासहित दुई जना पक्राउ

धनुषा । क्षिरेश्वरनाथ नगरपालिका-४ हरैया चन्द्रपुरबाट अवैध लागूऔषध गाँजा करिब ५ किलोग्रामसहित सोही ठाउँ बस्ने २१ वर्षीय ललन सहनी समेत २ जनालाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले प्र.२-०२-००५ प २२०३ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

### खैरो हेरोइनसहित दुई जना पक्राउ

मोरङ । बिराटनगर महानगरपालिका-१६ दरैयाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ९ मिलिग्रामसहित सुनसरी दुहबी नगरपालिका-९ बस्ने ३० वर्षीय मो.सहबाज समेत २ जनालाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो बिराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको को.१९ प ८६० नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

### स्रोत नखुलेको रकमसहित पक्राउ

मोरङ । बिराटनगर महानगरपालिका-६ केशलिया मार्गबाट स्रोत नखुलेको नगद १९ लाख ९० हजार रूपैयाँसहित सुनसरी देवानगंज गाउँपालिका-५ बस्ने ४९ वर्षीय सुरेन्द्र प्रसाद साहलाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले को.७ प ५२२१ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक साहलाई उक्त नगदसहित पक्राउ गरेको हो ।

### पिकअपको ठक्करबाट एकको मृत्यु

रूपन्देही । शुद्धोधन गाउँपालिका-२ पडरवा टोलमा लु.१ च ७०४७ नम्बरको पिकअप गाडीको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने १९ वर्षीय सन्तोष लोधको बुधबार साँझ मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । पिकअप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### लागूऔषधसहित एक पक्राउ

बर्दिया । बढैयाताल गाउँपालिका-२ फुटाहाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम २ सय ८० मिलिग्रामसहित बाँके कोहलपुर नगरपालिका-३ रझेना बस्ने २९ वर्षीय समिर थारूलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी जमुनी र ईलाका प्रहरी कार्यालय मैनापोखरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

### मोटरसाइकल र ट्याक्टर ठोक्किँदा किशोरको मृत्यु

कपिलवस्तु । यशोधरा गाउँपालिका-५ सुठौलीस्थित सडकमा युपि ५५ एस ७१८६ नम्बरको मोटरसाइकल र लु.३ त ९३२४ नम्बरको ट्याक्टर एकआपसमा ठक्कर खाई सोमबार साँझ दुर्घटना हुँदा मोटरसाइकल चालक कपिलवस्तु नगरपालिका-५ बभनी बस्ने १५ वर्षीय रमन यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### आगलागीबाट लाखौंको क्षति

सिरहा । सखुवानान्कारकट्टी गाउँपालिका-४ सिम्राहा बस्ने सेबु मण्डलको घर नजिकै बालेको घुरबाट आगो फैलिएर मण्डल समेत ४ जनाको २ वटा घर पूर्णरूपमा र २ वटा घर आंशिकरूपमा जलेर करिब ४ लाख ४० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

## मन्त्री किरातीलाई बर्खास्त गर्न माग गर्दै राष्ट्रिय एकता अभियानद्वारा प्रदर्शन

काठमाडौं । राष्ट्रिय एकता अभियान नेपालले अभियानका वरिष्ठ नेता बीपी यादवको नेतृत्वमा शुक्रबार तीनकुनेमा प्रदर्शन गरेको छ । प्रदर्शनकारीले क्रिश्चियन अतिवाद र चिनियाँ विस्तारवादलाई बढावा दिएको आरोप लगाउदै संस्कृतिमन्त्री सुदान किरातीलाई बर्खास्त गर्न माग गरेका छन् । प्रदर्शनमा राष्ट्रिय विद्यार्थी परिषद्का महासचिव पप्पु यादव, राष्ट्रिय एकता अभियान युवा विभागका संयोजक दिवस पटेल, धीरज गिरी, अभियानका मधेस संपर्क समितिका संयोजक विनोद सिंह, मनोज सिंह, जयनारायण यादवलगायतका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो । आक्रोशित प्रदर्शनकारीले 'क्रिस्चियन अतिवाद मुर्दावाद, चिनियाँ दलाली बन्द गर, किरात धर्मको रक्षा गर, किरातहरूको धर्म परिवर्तन बन्द गर जस्ता नारा लगाएका थिए । राष्ट्रिय एकता अभियानले मन्त्री किरातीले आफ्नो कार्यकालमा नेपालमा क्रिस्चियन धर्मको प्रचार प्रसार गरेको र चीनको हितमा राष्ट्रविरोधी गतिविधिमा सम्लग्न रहेको आरोप लगाएको छ । सरकारले आफ्ना मागमा ध्यान नदिए आन्दोलनलाई सशक्त बनाउने चेतावनी समेत अभियानले दिएको छ ।
पछिल्ला केही वर्षयता नेपालमा क्रिस्चियन धर्मको प्रचार प्रसारलाई लिएर हिन्दू समूहमा असन्तुष्टि बढ्दै गएको छ । योसँगै चीनसँग नेपालको बढ्दो निर्भरतालाई लिएर पनि चिन्ता व्यक्त भइरहेको छ ।




# जसपामा खस संघ केन्द्रीय समिति गठन हुँदै

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालले खसहरुको संगठन गठन गर्ने भएको छ ।

काठमाण्डौमा पार्टीसम्बद्ध केन्द्रीय नेताहरुको भेलाबाट सातै प्रदेशबाट प्रतिनिधि समेटेर समाजवादी खस संघ, नेपाल केन्द्रीय समिति गठन गर्ने निर्णय भएको हो । भेलाबाट प्रेमनारायण थापा, दुर्गा सुवेदी र रामबहादुर जाग्री रहेको तयारी समिति गठन भएको छ ।

उक्त भेलामा पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेत, महिला विभाग प्रमुख लिला सिटौला, केन्द्रीय सदस्यहरु प्रचण्ड पौडेल, अर्जुन लम्साललगायत उपस्थित रहेका थिए । समिति गठनको लागि पुस २१ गते ललितपुरमा भेला बोलाइएको छ ।

कार्यक्रमको प्रमुख अतिथिको रुपमा पार्टी अध्यक्ष उपेन्द्र यादवलाई आमन्त्रण गरिएको छ ।


नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## राजस्व अनुसन्धान विभागको अनुरोध

व्यावसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System - VCTS) को सफ्टवेयर तयार गरी २०७६ श्रावण १ गतेबाट संचालनमा रहेको छ । एक स्थानबाट अर्को स्थानसम्म व्यावसायिक प्रयोजनका मालवस्तु ढुवानी गर्दा भन्सार विन्दुबाट आयात भएको मालवस्तुको हकमा प्रज्ञापनपत्र र स्थानीय मालवस्तुको ढुवानी भएको मालवस्तुको विलबिजक र मौजदात स्थानान्तरणको हकमा चलान संलग्न गरी Vehicle & Consignment Tracking System - VCTS मा अनिवार्य रुपमा प्रविष्ट गरेर मात्र सामान ओसार पसार गर्नु हुन अनुरोध । यस VCTS मा प्रविष्ट नगरी सामान ओसार पसार गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही भै जाने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**VCTS सम्बन्धी कुनै समस्या भएमा**

**टेलिफोन नं.: ०१५४४४७४५ टोल फ्रि नम्बर: १६६०-०१-५५०००**

**IT SUPPORT -९८४९३९८९१४, ९८१०१०६९२९**

**Email:- vcts@dri.gov.np मा e-mail गर्नु हुन ।**


# मेडिसिटी अस्पतालले शुरु गर्‍यो Comprehensive Breast Care Centre



काठमाडौं । नेपाल मेडिसिटी अस्पतालले पौष ८ गते आइतबारबाट Comprehensive Breast Care Centre सञ्चालनमा ल्याएको छ । महिलाहरुमा बढ्दै गएको स्तन क्यान्सर र उपचारको अभावका कारण मृत्यु व्यहोरनुपर्ने अवस्थालाई मध्यनजर गर्दै उक्त सेन्टर सञ्चालनमा ल्याएको हो ।

Comprehensive Breast Care Centre अर्न्तगत महिलाहरुले सबै किसिमका उपचार, निदान, स्तन रिकन्सट्रक्सन तथा जनचेतनाका लागि तालिमको सेवा एकै छतमुनिबाट प्राप्त गर्न सक्नेछन् । यस विभागबाट विभिन्न परीक्षण, शल्यक्रिया तथा शल्यक्रिया पछि नक्कली स्तन राख्ने (implant) वा रिकन्स्ट्रक्सनको सुविधा पनि प्रदान गरिन्छ । सेन्टरको उद्घघाटन नायिका तथा सामाजिक अभियान्ता मानिषा कोइराला, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्ययक्ष भवानी राणा र महिला उद्यमी महासंघ नेपालका निवर्तमान अध्ययक्ष निरु रायमाझीबाट गरिएको हो ।

अस्पतालका अध्ययक्ष उपेन्द्र महतोले नेपालीहरुलाई स्वदेशमै सम्पूर्ण सेवा प्राप्त होस् भन्ने उद्धेश्यले विशेषज्ञ केन्द्रहरु एकपछि अर्को सञ्चालन गरेको बताए ।

कार्यक्रममा बोल्दै नायिका मनिषा कोइरालाले विदेशमा जसरी नै नेपालमा पनि क्यान्सर रोगको केन्द्रिकृत उपचार अभ्यास हुनुपर्ने बताइन् । उनले क्यान्सरको अनुभव साट्दै सबै किसिमका क्यान्सरको उपचार नेपालमै हुनुपर्ने जोड दिइन् । उनले ग्रामिण भेगका महिलाहरुमा पनि उपचारको पहुँच भएको हेर्ने आफ्नो सपना रहेको बताइन् ।

त्यस्तै, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्ययक्ष भवानी राणाले नेपाल मेडिसिटीमा स्तन क्यान्सरको सबै उपचार सम्भव भएकोमा खुशी व्यक्ति गरिन् । उनले महासंघसँग जोडिएका ग्रामिण भेगका महिलाहरुमा जनचेतना फैलाउन आफूले पनि सहयोग गर्ने बाचा गरिन् ।

महिला उद्यमी महासंघ नेपालका निवर्तमान अध्यक्ष निरु रायमाझीले महिलाहरुमा जनचेतनाको कमी रहेको बताइन् । उनले भनिन्, "हाम्रो स्वास्थ्य प्रणाली महिलामैत्री छैन । सरकारले महिलालाई आर्थिक रुपमा सशक्तिकरण गर्ने उद्धेश्य बोकेको छ, तर जबसम्म महिलाहरुको स्वास्थ्य सुरक्षित हुँदैन, तबसम्म आर्थिकरुपमा सशक्तिकरण गर्न सकिँदैन ।"

आफैले छामेर पत्ता लाग्न सक्ने रोग भएतापनि कति महिलाहरुलाई कसरी जाँच्ने भन्ने विषयमा थाहै नभएको Comprehensive Breast Care Centre का प्रमुख तथा प्रिन्सिपल कन्सलटेन्ट डा. ज्योति रायमाझीले बताइन् । "स्तन क्यान्सरबारे जानकारी तथा छामेर पत्ता लगाउन सक्नेगरी हामीले Self-Breast Examination Training को व्यवस्था गरेका छौं," डा.ज्योतीले भनिन् ।

त्यस्तै, स्तन क्यान्सर भन्नेवित्तिकै महिलालाई मात्र हुन्छ भन्ने भ्रम समाजमा फैलिएको छ, जुन गलत हो । यो रोग पुरुषमा पनि देखिन्छ । अध्ययनहरुका अनुसार एकलाख महिलामा ११८ जनामा स्तन क्यान्सर देखिन्छ भने एकलाख पुरुषहरुमा एक जनामा स्तन क्यान्सर देखिने गरेको छ ।

पुरुषहरुका लागि पनि हामीले सोही तरिकाबाट क्यान्सर पत्ता लगाउने तालिम प्रदान गर्दछौं । तालिममा कस्तो ट्युमर क्यासर हुन् र कस्तो ट्युमरलाई उपचार नगर्दा पनि शरीरलाई केही असर पार्दैन भन्ने विषयमा पनि सचेत गराउने उद्धेश्यका साथ यो सेन्टर स्थापना गरिएको डा. ज्योतीले बताइन् ।

त्यस्तै, रेडियोलोजिस्ट तथा ब्रिस्ट इमेजिङमा फेलोसिप गरेका डा. कुन्दना रायमाझीका अनुसार सबै स्तनको क्यान्सर छामेर पत्ता लगाउन सकिँदैन । यसको लागि म्यामोग्राम परीक्षण गराउनुपर्दछ ।

प्रारम्भिक चरणमै स्तन क्यान्सर छ वा छैन भन्ने पत्ता लगाउन म्यामोग्राम परीक्षण गरिन्छ । "मटरको दाना भन्दा सानो क्यान्सरको गिर्खा हुँदा हातले भेट्न सकिन्न तर म्यामोग्राम परीक्षण गर्दा पत्ता लाग्छ । त्यस्तै, क्यान्सर कुन स्टेजमा पुगेको छ भन्ने थाहा पाउन ग्रिर्खाको आकारमा भर पर्छ,' डा कुन्दनाले भनिन् ।

सामान्यतया, म्यामोग्रामको परीक्षण ४० वर्ष नाघेपछि गरिन्छ भने ४० वर्ष भन्दा कम उमेर समूहका महिलाहरुलाई स्तनको अल्ट्रासाउण्ड परीक्षण मात्र गराइन्छ ।

तर जो महिलाको आमा अथवा परिवारमा कुनै व्यक्तिहरुलाई स्तन क्यान्सर भएको इतिहास छ भने स्तन क्यान्सर हुने जोखिम धेरै हुन्छ । त्यसैले ती महिलाले ३० देखि ३५ वर्षको उमेरमै म्यामोग्राम गराउन आवश्यक रहेको डा कुन्दना बताउँछिन् ।

Comprehensive Breast Care Centre खुलिसकेपछि विरामीहरुले स्तनसम्बन्धि सबैखाले परीक्षण अस्पतालमै गर्न पाउनेछन् । दक्ष चिकित्सकहरुबाट जाँच्ने तथा सल्लाह लिने, स्तनको एमआरआई, बायोप्सी, युएसजी, म्यामोग्राम परीक्षण देखि सर्जरीको पनि सेवा एकै ठाउँबाट लिन सकिन्छ ।

**सेवा सुविधाहरु**

Breast Cancer Screening अर्न्तगत चिकित्सक कन्सलटेसन, Radiology (Mammogram and VSG), Tissue Diagnosis (Tissue Cut, FNA) को परीक्षण गराइन्छ ।

बिनाइन ब्रिस्ट म्यानेजमेन्ट प्याकेज अर्न्तगत ब्रिस्ट पेन, ट्युमर तथा निप्पल डिस्चार्जको जाँच गरिन्छ भने ब्रिस्ट क्यान्सर म्यानेजमेन्ट अर्न्तगत ब्रिस्ट कर्न्जरभेसन सर्जरी, ब्रिस्ट मास्टेक्टोमी र सेन्टिनेल नोड बायोप्सी परीक्षण गरिन्छ ।

यसैगरी कस्मेटिक तथा रिकन्ट्रक्सन सर्जरी अर्न्तगत ब्रिस्ट अगमेनटेसन, ब्रिस्ट रिडक्सन, मास्टोप्याथी र निप्पल करेक्सन सर्जरी र अंकोप्लास्टिक सर्जरीको सेवा दिइन्छ ।

त्यस्तै, क्रिसमस तथा अंग्रजी नयाँ वर्ष २०२४ को उपलक्ष्यमा उपचारका लागि आउने सबै व्यक्तिहरुलाई एक महिनासम्म सबै परीक्षणमा १५ प्रतिशत छुट प्रदान गरिनेछ । योसँगै स्तन क्यान्सरसँग सम्बन्धित हरेक शल्यक्रिया तथा प्लास्टिक सर्जरी (सर्जिकल प्रसिडिउर) मा पनि १५ प्रतिशत छुट रहेको छ । यो छुट जनवरी ३१ सम्म रहन्छ ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**

पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**मटिहानी नगरपालिका**

महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**छिन्नमस्ता गाउँपालिका**

सप्तरी, मधेश प्रदेश

# सूर्यज्योति लाइफको ऐतिहासिक सफल मर्जरको एक वर्ष पूरा

काठमाडौं । जीवन बीमा कम्पनीहरु मध्ये पहिलो पटक मर्जरको अभ्यास गरेर इतिहास रचेको सूर्यज्योति लाइफ इन्स्योरेन्सले मर्जरको एक वर्ष पुरा गरेको छ। सूर्यज्योति लाइफले मर्जरको एक वर्षको आफुलाई अझै दरिलो रुपमा उभ्याउन सफल भएको छ । एक वर्षको अवधिमा अझै बिस्तारित शाखा सञ्जाल, परिस्कृत बीमा योजनाहरु र ग्राहक मैत्री सेवा पस्केर ऐतिहासिक सफलताको बाटोमा लम्किने प्रयास जारी राखेको छ।

मर्जरपछि चुक्ता पूँजी ४ अर्ब ५४ करोड रुपैयाँ पुर्याएको यो कम्पनीले संयुक्त कारोबार शुरु गरेको एक वर्षको अवधिमा सूर्यज्योतिको जीवन बीमा कोष झण्डै ८ अर्ब रुपैयाँले बढेर ३० अर्ब रुपैयाँ पुगेको छ। यो कम्पनीको कूल लगानी करिब ३५ अर्ब रुपैयाँ रहेको छ। कम्पनीले मङ्सिर मसान्तसम्ममा आफ्नो नेटवर्थ ७ अर्ब ४० करोड रुपैयाँ कायम गर्न सफल भएको छ। चालू आर्थिक वर्षको मङ्सिर मसान्तसम्ममा सूर्यज्योति लाइफले कूल ५२ करोड रुपैयाँ बीमा दाबी भुक्तानी गरेको छ।देशभर रहेका १७६ शाखा सञ्जाल र अभिकर्तामार्फत आफ्ना आदरणीय बिमितहरुलाई उत्कृष्ट सेवा प्रदान गर्दै कम्पनीले करिव २३ लाख जीवन बीमालेख बिक्री गरि सकेको छ।




जनशक्तिका हिसाबले यो कम्पनी सबैभन्दा ठूलो रोजगारदाता जीवन बीमकका रुपमा समेत उभिएको छ। कम्पनिमा हाल ५७९ कर्मचारीले प्रत्यक्ष रोजगारी पाएका छन् भने देशै भरि करिव ९४ हजार अभिकर्ता सुर्यज्योति लाइफमा आबद्ध छन् ।

बजारको आवश्यकता र नविनतम सोच अनुसार बीमा योजनाहरु ल्याउने रणनीति अन्तर्गत यो जीवन बीमा कम्पनीले हालै कम प्रिमियममा नै ठुलो बीमा गर्न सकिने र ७० बर्षको उमेरमा तिरेको सम्पूर्ण रकम फिर्ता हुने साथै रक्षावरण आजीवन रही रहने आजीवन म्यादी बीमा 'सही प्लान'बीमा योजना सार्वजनिक गरिसकेको छ ।

बीमा नियामक नेपाल बीमा प्राधिकरणले चुक्ता पूँजी वृद्धिको माध्यमबाट जीवन बीमा कम्पनीहरुबीच मर्जरलाई प्रोत्साहन गर्ने रणनीति बनाए पछि सूर्या लाइफ र ज्योति लाइफ इन्स्योरेन्सले २०७९ असार १२ गते मर्जरका लागि सहमति पत्रमा हस्ताक्षर गरेका थिए । बीमाङ्की मूल्याकन , विस्तृत लेखा परिक्षण र साधारण सभापछि यी दुबै कम्पनीले मर्जरको अन्तिम सम्झौतामा हस्ताक्षर गर्दै २०७९ पौष ७ गतेदेखि सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीको नाममा संयुक्त कारोबार शुभारम्भ भएको थियो । नेपालमै क्ष्क्ङ ढण्ण्ज्ञ:द्गण्ज्ञछ गुणस्तर चिन्ह प्राप्त गर्ने पहिलो सूर्यज्योति लाइफ बन्न सफल भएको छ। आदरणीय बिमितहरुले कम्पनी प्रति दिनु भएको गाढा बिश्वाश ,कम्पनिलाई यो उचाईमा पुर्याउन अविरल साथ् र अथक मेहनत गर्नुहुने आदरणीय अभिकर्ताहरु, अहोरात्र सेवाका लागि अग्रपन्थीमा रहनुहुने कर्मचारीहरु , हरेक पाइलाहरुमा मार्गनिर्देश गर्नुहुने नियमनकारी निकाय बीमा प्राधिकरण , सदैव आफुलाई सत्मार्गको बाटो देखाउनुहुने कम्पनिका सञ्चालकहरु तथा कम्पनीमा आवद्ध सेयरधनिहरु लगायत सबै सबै प्रति मर्जरको यो पहिलो बार्षिक उत्सवका अवसरमा कम्पनिका कार्यकारी प्रमुख प्रकाश विक्रम खत्रीले हार्दिक कृतज्ञता ज्ञापन व्यक्त गरेका छन् ।

# शुद्धोधन गाउँपालिका बालविवाह तथा जातीय छुवाछूत मुक्त

कपिलवस्तु । कपिलवस्तुको शुद्धोधन गाउँपालिका-२ बालविवाह तथा जातीय छुवाछूत मुक्त घोषणा गरिएको छ । लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगर, जनप्रतिनिधि तथा सरोकारवाला निकायले बालविवाह र छुवाछुत सामाजिक तथा कानुनी अपराध भएकाले यसको अन्त्य हुनुपर्ने प्रतिबद्धता सहित हस्ताक्षर गरेर वडालाई बालविवाह र छुवाछुत मुक्त घोषणा गरिएको हो ।

घोषणा सभामा बोल्दै सभामुख घर्तीमगरले बालविवाह तथा छुवाछुतलाई कानुनले वर्जित गरेपनि समाजमा अझै पनि देखिएको बताउनुभएको छ । उहाँले घोषणासँगै व्यवहारमा उतार्नका लागी समुदायलाई सचेत गराउन पर्ने बताउनुभयो । “अब बालबालिकालाई मात्र होइन बुवा आमालाई पनि सचेत गराउन पर्छ । कुरीतिलाई जरैबाट हटाउन विद्यालयमा अतिरिक्त पाठ्यवस्तु समावेश गर्न जरुरी छ,” सभामुख घर्तीमगरले भन्नुभयो ।

घोषणा समारोहमा लुम्बिनी प्रदेश सभा सदस्य मधुसूदन शरण चौधरी, लुम्बिनी प्रदेश पूर्व मन्त्री सहसराम यादव, जिल्ला समन्वय समिति कपिलवस्तुका प्रमुख बाबुराम आचार्य, प्रमुख जिल्ला अधिकारी विश्व प्रकाश आचार्यले मधेसमा सामाजिक विकासको लहर चल्न लागेको बताउनुभयो । पालिकाका दुई वडामा बालविवाह र छुवाछुत मुक्त अभियान सफल भएको गाउँपालिका अध्यक्ष कमलेश शरण चौधरीले बताउनुभयो ।

यस्तै, अघिल्लो वर्ष वडा नम्बर १ मुक्त घोषणा गरिएको थियो । तीन वर्षभित्र गाउँपालिका बालविवाह र छुवाछुत मुक्त घोषणा गर्ने अभियान सञ्चालन गरिएको अध्यक्ष चौधरीको भनाइ छ । पालिकाको २ नम्बर वडा कार्यालय, बालविवाह तथा छुवाछुत विरुद्धको निगरानी समिति, किशोरकिशोरी सञ्जाल तथा सिद्धार्थ सामाजिक विकास केन्द्रको अगुवाइमा बालविवाह तथा छुवाछुत मुक्त वडा घोषणा भएको वडा अध्यक्ष मनोज कुमार यादवले बताउनुभयो । वडामा २०१९ मा १० प्रतिशत बालविवाहको तथ्याङ्क थियो । अघिल्लो वर्ष २ प्रतिशत र चालु वर्षमा बालविवाह शून्य रहेको सिद्धार्थ सामाजिक केन्द्रका कार्यक्रम संयोजन धनेश्वरी घर्तीले बताउनुभयो । किशोरकिशोरी समूहको सक्रियतामा गत वर्ष जन्ती आएको विवाह रोक्न सफल भएको किशोर किशोरी सञ्जालका सदस्य पुनम थारुले बताउनुभयो ।




## नवआगन्तुक प्रजिअ अर्याललाई स्वागत

कपिलवस्तु । नवआगन्तुक कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी विश्व प्रकाश अर्यालले जिल्लाको समग्र शान्ति सुरक्षाको लागि आफु गम्भिर रहेको बताउनुभएको छ । सिमा सुरक्षा देखि हरेक तवर बाट संवेदनशील रहेको जिल्लामा आफुले प्रजिअको भुमिका पाएको भन्दै यसलाई गम्भिरताका साथ लिएको बताउनुभयो । आईतवार कपिलवस्तु उद्योग ब्यापार संघले आयोजना गरेको स्वागत कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनुभयो । आएको छोटो समयमै धेरै संघसंस्थाले आफुलाई स्वगत गर्दै सहकार्यको लागि आह्वान गरेको भन्दै खुसि समेत व्यक्त गर्नुभयो । कपिलवस्तु जिल्ला खुला सिमानाका भएको जिल्ला रहेकाले सिमा नाकामा आईपर्ने समास्या समाधान गर्नमा सबैले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

त्यस्तै उहाँले लागुपदार्थ दुर्व्यसनीको समस्यालाई धेरैले उठाईरहेको भन्दै उक्त समस्या समाधान गर्न सर्वप्रथम परिवार र समाज बाट महत्वपुर्ण कदम चाल्नुपर्ने बताउनुभयो । लागुपदार्थ ओसारपोसार र बेचबिखनको सन्दर्भमा आफु सचेत रहेको बताउनुभयो ।

त्यस्तै संघका अध्यक्ष खिमानन्द पौडेल (कोपिल) ले संघले गरेका कामहरुको चर्चा गर्दै संघको परिचय गराउनुभएको थियो । उहाँले समग्र जिल्लाको विकासको लागि निजि क्षेत्रका उद्योगि व्यवसायीहरु सरकार संग सहकार्य गर्न तयार रहेकोले त्यस्तो वातावरण सिर्जना गरिदिन आग्रह गर्नुभयो ।

## जिल्ला समाचार

### नेशनल मेडिकल कलेजमा इण्डोमेट्रिओमा भएकी युवतीको सफल शल्यक्रिया

विरगञ्ज । नेशनल मेडिकल कलेजमा एक १९ वर्षीय युवतीको डिम्बासयमा पलाएको सिस्ट दुरबिन प्रविधिबाट शल्यक्रिया गरी सफलतापूर्वक निकालिएको छ । महिनाबारी गडबड भएर जम्मा भएर बनेको रगत र पानी जमेको सिस्ट (इण्डोमेट्रिओमा)लाई दुरबिन प्रविधि (ल्याप्रोस्कोपी) बाट निकालिएको हो । गत बिहीबार कलेजका चिकित्सक डा.प्रविण शाह, डा.रुवी श्रेष्ठ, रेजिडेन्ट डा.सरोज यादव, डा.स्नेहा श्रेष्ठको टीमले लामो समयदेखि इण्डोमेट्रिओमाबाट पिडित युवतीको उपचार गरेको हो । कलैया घर भएकी ती युवती लामो समयदेखि अनियमित महिनाबारी हुने तथा महिनाबारीका समयमा अत्याधिक पेट दुख्ने समस्याबाट पिडित थिइन् । उनी ५ महिना अगाडी नै नेशनल मेडिकल कलेजमा उपचारका लागि आएपनि काठमाडौंमा समेत गएर स्वास्थ्य जाँच गराउँदा अप्रेसन गर्न सल्लाह दिइएको थियो । त्यसपछि उनी नेशनल मेडिकल कलेजमै गएर सोको उपचार गरेकी हुन् । 'उहाँ ५ महिना अगाडी नै आउनु भएको थियो । विचमा काठमाडौं पनि जानुभयो । नेशनल मेडिकल कलेजमै ल्याप्रोस्कोपी विधिबाट अप्रेसन हुन्छ भनेपछि उहाँहरु यहीँ आउनु भयो, हामीले ३ वटा प्वाल पारेर ८.८ समीको सिस्ट निकाल्यौं ।' शल्यक्रियामा संलग्न डा.प्रविण साहले बताए । अप्रेसनमा कलेजका एनेस्थेसियाका डा.असिम गौडेल, रेजिडेन्ट डा.मेलिना असप्रित तथा ओटी स्टाफ इब्राहिम अन्सारीले सहयोग गरेका थिए । कुनैपनि महिलाहरुमा अनियमित महिनाबारी छ, महिनाबारी हुँदा अत्याधिक पेट दुख्न भने डिम्बासयमा इण्डोमेट्रिओमाको जोखिम हुन्छ । 'महिनाबारी हुँदा अत्याधिक पेट दुखिरहन्छ, महिनाबारी गडबड छ भने दुखाई कम गर्ने औषधीमात्र खाएर बस्नु हुँदैन । विशेषज्ञ डाक्टरलाई देखाउनु पर्छ ।' अनियमित महिनाबारी हुने सय जना महिनाहरुमा १० प्रतिशतलाई इण्डोमेट्रोमाको जोखिम हुने डा. साहले बताए । स्त्री तथा प्रसुति सेवाका लागि अत्याधुनिक उपकरणसहित दक्ष चिकित्सकहरु रहेको नेशनल मेडिकल कलेजकी डाइरेक्टर नुसरत जहाँ अन्सारीले बताइन् । मधेश प्रदेसकै टर्सरी स्वास्थ्य संस्थाका रुपमा रहेको नेशनल मेडिकल कलेजले सर्वसुलभ शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ ।

### आसरा सुधार केन्द्र फुलबारीको उदघाटन

कैलाली । प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले धनगढी उपमहानगरपालिका-१४ 'डि' गाउँ फुलबारीस्थित आसरा सुधार केन्द्र फुलबारीको बुधबार आयोजित एक कार्यक्रमबीच उद्घाटन गर्नुभएको छ । साथै सोही अवसरमा प्रहरी महानिरीक्षक कुँवरले उक्त केन्द्रको निरीक्षण गर्नुका साथै केन्द्रको परिसरमा वृक्षारोपण समेत गर्नुभयो । सोही अवसरमा प्रहरी महानिरीक्षक कुँवरले उक्त केन्द्रको स्थापनाका लागि सहयोग पुऱ्याउनु हुने विभिन्न महानुभावहरूलाई प्रशंसापत्र प्रदान गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरीका अन्य सुधार केन्द्र जस्तै यस शाखाले पनि आफ्नो विशिष्ट र प्रभावकारी पहिचान बनाउँदै सामाजिक सेवामार्फत नेपाल प्रहरीको पहिचानलाई अझै प्रगाढ बनाउन थप मद्दत पुऱ्याउने बताउनुभयो । लागूऔषध दुर्व्यवसनीले व्यक्ति, परिवारसँगै समुदायलाई नै असर गर्ने उल्लेख गर्दै लागूऔषधको प्रयोगमा संलग्न व्यक्तिलाई रचनात्मक दिशातर्फ अग्रसर गराउन समाजका सबै तहतप्का र वर्गको साथ र सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो । प्रहरी महानिरीक्षक कुँवरले लागूपदार्थ प्रति वितृष्णा उत्पन्न गराउन लागूऔषध प्रयोगकर्ताको मनोबल र आत्मबल अभिवृद्धि गर्न जरूरी रहेको चर्चा गर्दै लागूऔषधको नकारात्मक असरबारे सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी समाजलाई दुर्व्यसनबाट मुक्त गराउने नेपाल प्रहरीको अभियानलाई सफल बनाउन आम नागरिकको निरन्तर सहयोग मिल्ने अपेक्षा व्यक्त गर्नुभयो । समसामयिक आवश्यकता, नयाँ सोच र दृष्टिकोणसहित अझ परिस्कृत, कल्याणकारी सेवामार्फत सुरक्षित र शान्त समाज निर्माणमा नेपाल प्रहरी सदैव अग्रसर रहने उहाँले प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । कार्यक्रममा धनगढी उपमहानगरपालिकाका मेयर गोपाल हमालले लागूऔषध नियन्त्रणमा प्रहरीले उल्लेखनीय भूमिका खेलेको उल्लेख गर्दै लागूऔषध नियन्त्रणका लागि आवश्यक साथ र सहयोगका लागि उपमहानगरपालिका सदैव तत्पर रहेको बताउनुभयो । सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक भरत बहादुर बोहराले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा सोही कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक प्रज्वल महर्जनले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी गोपाल कुमार अधिकारी, कैलालीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र र नाष्ट कलेजका एमडी शिवहरी शर्मा मुडभरीले शुभकामनासहित आ(आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

### शिकारी र वन रक्षकबिच गोली हानाहान

कपिलवस्तु । चोरी शिकारीका लागि तिलौराकोट साझेदारी वनमा छिरेका सिकारीहरू र वन रक्षकबिच गोली हानाहान भएको छ। सव वन डिभिजन कार्यालय गोरुसिङ्गेबाट गस्तीमा खटिएको वनको टोलीसँग सिकारीहरूको जम्काभेट भएपछि बिहीबार दिउँसो पूर्व पश्चिम राजमार्गको उत्तर पट्टीको बलुन्द्र खोलाको किनारमा सो झडप भएको डिभिजन वन कार्यालय कपिलवस्तुले जनाएको छ। गस्ती टोलीले बन्दुक पड्किएको आवाज सुनेको थिए। सो पश्चात् टोलीले गोरुसिंङ्गेबाट थप टोली बोलाएर सिकारी समूहलाई घेरा हाल्ने क्रममा १२/१४ जनाको समूहमा ३/४ वटा बन्दुक सहित रहेका सिकारी टोलीले ६/७ राउण्ड हवाई फायर गरे। त्यसपछि गस्ती टोलीले सिकारीहरू तर्फ ५ राउण्ड हवाई फायर गरेपछि सिकारीहरू भागेका थिए। गस्ती टोलीले सोही समूहका बाणगंगा नगरपालिका वडा नम्बर-७ धैरेनीडाडा बस्ने वर्ष ३९ का जंग बहादुर परियारलाई घेरा हालेर नियन्त्रणमा लिएको छ। उनलाई आवश्यक कारबाहीका लागी इलाका प्रहरी कार्यालय गोरुसिंङ्गेमा बुझाइएको छ। पछिल्लो समय तिलौराकोट साझेदारी वन क्षेत्रमा वन संरक्षण सम्बन्धी कार्य अगाडी बढ्नुका साथै वन डढेलो घट्दा जैविक विविधता बढेको छ। वनमा जैविक विविधता बढेसँगै सिकारीको जोखिम बढेको तिलौराकोट साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष जय प्रकाश पाण्डेयले बताए। वनमा चितुवा, हरिण, निलगाई बँदेल, वन कुखुरा, मयुर लगायतका वन्य जन्तुको संख्या बढेको छ। पछिल्लो दुई वर्षमा वन क्षेत्रमा सो घटना पहिलो भएको र वन्यजन्तुको सिकार गर्नका लागी सिकारीहरू गएको हुन सक्ने डिभिजन वन कार्यालय कपिलवस्तुका प्रमुख विजयराज सुवेदीले बताए। उनले वन क्षेत्रमा निगरानी बढाइने बताए।

### खेल सामाग्री हस्तान्तरणपछि राप्ती सोनारी ७ का खेलाडीमा उत्साह

बाँके । बाँकेको राप्तीसोनारी गाउपालिका वडा नं ७ को नेबुवाटारमा रहेको शहिद स्वर्गिय दल बहादुर घर्ति मगर खेल मैदानमा खेल खेल्ने ४० जना खेलाडीलाई शनिबार एक कार्यक्रमका बिच खेलकुद सामाग्री बितरण गरिएको छ । अमेरिकामा बस्दै आउनु भएका नेपालगंज निवासी राजा खानको सहयोगमा उक्त खेल मैदानमा धारा संगै मोटर सहित पानी ट्यांकी जडान गरिएको छ । भने आजै उक्त धाराको समेत रिबन काटेर उद्घघाटन गरिएको छ । राप्ती सोनारी ७ का वडा अध्यक्ष राम लखन थारुको अध्यक्षतामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि समेत रहनु भएका नरैनापुर गाँउपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहले खानेपानीसहितको आधुनिक धारा जडान गरिएको प्रति राजा खानलाई धन्यबाद दिदै बालबालिकाको पहिलो आवश्यकता शिक्षा भएकाले शिक्षा संगै खेलकुदको पनि बिकास होस भन्ने उद्देश्यले खेलकुद सामाग्री बितरण गरिएको बताउनु भयो । उहाँले राप्ती सोनारी ७ मा रहेको शहिद स्वर्गिय दल बहादुर घर्ति मगर खेल मैदानलाई अत्यधुनिक बनाउन आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । सो अवसरमा बोल्दै राप्ती सोनारी ७ का अध्यक्ष थारुले खेल सामाग्रीको अभावमा खेल्दै आएका खेलाडीहरुलाई राजा खानले खेल सामाग्री र पोशाक दिईएपछि उत्साहित भएका हुन् । सामाग्री हस्तान्तरण गर्दै राजा खानले शहिद स्वर्गिय दल बहादुर घर्तिमगर खेल मैदानमा नियमित अभ्यास गरिएका खेलाडीहरुलाई अभ्यास सहज गराउनका लागि कमल पुनलाई सामाग्री हस्तान्तरण गरिएको थियो ।

# एमालेमय बन्दैछ मधेश प्रदेश



## लक्ष्मी तिमिल्सिना

**केन्द्रीय सदस्य एवं बारा जिल्ला इन्चार्ज**
**अनेरास्ववियु**

**० मधेशको शैक्षिक अवस्थालाई कसरी हेरिरहनुभएको छ ?**

– मधेशको शैक्षिक अवस्था एकदम खस्किँदो अवस्थामा छ। सबभन्दा मुख्य कुरो नेपालकै शैक्षिक पद्धति यहाँको माटो सुहाउँदो भएन। अर्को कुरा शिक्षा क्षेत्रमा सरकारले जुन हिसावले लगानी गर्छ, त्यो अनुसारको प्रतिफल आउन सकिरहेको छैन। गुणस्तरीय पढाइ पनि छैन। विद्यार्थीहरुले आफूले पढेको कुरालाई व्यवहार उतार्न सकिरहेको छैन। जसले गर्दा विद्यार्थीहरु +२ गरेर विदेश पलायन भइरहेका छन्। कोही उच्च शिक्षा हासिल गर्नका लागि विदेश जान्छन् भने कोही जागिरका लागि। देशको अवस्थाले विद्यार्थीहरुको मनस्थितिलाई यस्तो बनाइसक्यो कि पहिलो प्राथमिकता विदेश नै हो। मधेशको शैक्षिक अवस्था खस्किँदै जानुको एउटा कारण हाम्रा अभिभावक पनि हो। सरकारले शिक्षामा धेरै लगानी गरेको छ, तर निगरानी भएको छैन।

**० तपाईंहरु विद्यार्थीको लागि राजनीति गर्दै हुनुहुन्छ, सुधारका लागि के गरिरहनुभएको छ ?**

– हामीले शैक्षिकस्तर सुधारका लागि सरकारलाई घच्घचाइरहेका छौं। हामीले स्थानीय सरकारसँग १०% छात्रवृत्तिका लागि माग गरेका छौं। हामीले खाजादेखि लिएर गुणस्तरीय शिक्षा, विद्यालयमा चाहिने आवश्यक सामग्रीहरुको उचित प्रवन्धका लागि स्थानीय सरकारलाई ज्ञापनपत्र नै बुझाएका छौं। शिक्षामा सुधारका लागि हामीले धेरै प्रयत्न गरेका छौं र गरिरहेका छौं।

**० मधेश प्रदेशका छोरीहरुलाई शिक्षामा आकर्षण बढाउनका लागि मधेश प्रदेश सरकारले बेटी बचाउ बेटी पढाउ कार्यक्रम सञ्चालन गरिरहेको छ, कतिको प्रभावकारिता छ त ?**

– बेटी बचाउ बेटी पढाउ एउटा लोकप्रिय नारा हो, तर व्यवहारतः लागू भएको छैन। प्रदेश सरकारले जुन उद्देश्यले ल्याए पनि सुन्दा एकदमै राम्रो लाग्ने तर त्यो कार्यान्वयन भएको छैन। प्रदेश सरकारले लोकप्रियताका लागि मात्रै यो नारा ल्याएको देखिन्छ। बेटी बचाउ बेटी पढाउ भन्ने तर मधेशमा दिनहुँ बेटीहरु दाइजोको निहुँमा मरिरहेका छन्। दाइजोको निहुँमा आरती साहको हत्या भयो, छ महिनाभन्दा बढी समय भइसक्यो उहाँको परिवार न्याय मागिरहेका छन्। तर, प्रदेश सरकारको कुनै चाँसो छैन। तसर्थ, मधेशमा बेटीहरु सुरक्षित छैन, तर सरकारले लोकप्रियताका लागि यस्ता नाराहरु ल्याइरहेको हुन्छ। मधेश प्रदेश सरकारले बेटीको नाउँ झन् भ्रष्टाचार गरेको छ। यसअघिका मुख्यमन्त्री लालबाबु राउतको सरकारले यो लोकप्रिय नारा ल्याएको थियो। बेटीलाई साइकल बाँड्ने नाउँमा करोडौंको भ्रष्टाचार गरेको मुद्दा अहिले पनि विशेष अदालतमा छ। यो नाराले त झन् मधेशका बेटीहरु लज्जित हुन पुगेका छन्। बेटीको नाउँमा भ्रष्टाचार गर्ने सरकारले बेटी बचाउँछ र पढाउँछ भनेर कसरी विश्वास गर्ने।

**० नेकपा एमालेलाई मधेश विरोधी पार्टी भनिन्थ्यो, तर पछिल्लो चुनावमा मधेश प्रदेशमा एमाले सबभन्दा ठूलो दल बन्यो, कसरी सम्भव भयो त ?**

– नेकपा एमालेको नेतृत्व र नीति जनता र देशकेन्द्रित रहेको छ। हाम्रो पार्टी एमालेले आश्वासनभन्दा पनि जनताको जीवनस्तर कसरी उकास्ने, देश समृद्ध कसरी बनाउने भन्ने एजेण्डा बोकेको छ। विगतमा केही क्षेत्रीयतावादी दलहरुले आफ्नो राजनीतिक रोटी सेक्नका लागि जनतामा एमालेप्रति एक किसिमको भ्रम फैलाए। तर जब हाम्रा श्रद्धेय अध्यक्ष केपी शर्मा ओली देशको प्रधानमन्त्री बन्नुभयो, त्यसपछि उहाँको भिजन र काम गराइले ती सबै भ्रमहरु हट्दै गयो। अन्य दलहरुले मधेशका जनतालाई सपना बाँड्छन् तर एमालेले जीवनस्तर उकास्ने योजनाहरु ल्यायो। एमाले सरकारको पालामा मधेशमा भएका असंख्य राम्रा कामहरु हेरेर मधेश प्रदेशका जनताले एमालेले ठुलो दल बनायो। समग्र देशमै एमालेले सबभन्दा बढी लोकप्रिय मत पाएको छ। एमालेविरुद्ध चौतर्फी घेराबन्दीका बाबजुद पनि जनताले सबभन्दा बढी मत दियो। तर सरकार बनाउन सकेन। यदि अहिले एमाले नेतृत्वको सरकार भएको भए नेपालको यस्तो दयनीय अवस्था हुन्थेन। अन्य दलले जनतासँग राजनीति गर्छन् भने एमालेले जनताका लागि राजनीति गर्छ। अहिले मधेश प्रदेशमा एदकमै लोकप्रिय बन्दै गइरहेको छ एमाले। एमालेमय बन्दैछ मधेश प्रदेश।

**० तपाईं बारा जिल्लाको हुनुहुन्छ, २०८४ को चुनावमा एमालेको अवस्था कस्तो हुनेछ ?**

– नेकपा एमाले देश र जनताप्रति समर्पित पार्टी हो। हाम्रा श्रद्धेय अध्यक्ष केपी ओलीले आफ्नो प्रधानमन्त्रीत्व कालमा गर्नुभएका कामहरु देखेर झन् लोकप्रिय बन्दै गइरहेको छ। हामीले मिशन ग्रासरुट पनि सञ्चालन गर्‍यौं। मधेशका जनताको मनमा एमाले नै रहेको हामीले पायौं। तसर्थ, आगामी चुनावमा निश्चितरुपमा मधेशमा दुई तिहाइ बहुमतका साथ विजयी हुनेछ र एमालेको एकल नेतृत्वको सरकार निर्माण बन्नेछ।

## आयुर्वेदिक उपचार

### कलेजोमा वोसो जम्नु (Fatty liver)




**डा. सबरी साह**
एम.डी.(आयुर्वेद)
**वरिष्ठ कन्सलटेंट आयुर्वेद विज्ञ**
**सिंहदरबार वैद्यखाना विकास समिति**

कलेजोमा बोसो जम्नुलाई नै सामान्यतया फ्याटी लिभर भनिन्छ। कलेजो मानव शरीरको मुख्य अंग हो। यसमा कलेजोका कोषहरुमा ट्राइग्लीसाइड तथा अन्य बोसोजन्य पदार्थ थुप्रिन्छ। कलेजोमा बोसोपना बढ्नु पछिल्लो समयमा शहरीकरणसँगै बढेको समस्या हो। यसले भविष्यमा विकराल रूप नै लिने खतरा देखिन्छ। कलेजोमा बोसोपना बढ्नु विभिन्न शारीरिक प्रक्रियाको उपज हो। हुन त कलेजोमा सामन्य बोसो लाग्नु ठूलो कुरा होइन। तर, बोसोको मात्रा १० प्रतिशतभन्दा बढी छ भने त्यसले समस्या निम्त्याउँछ। तर, बदलिँदो जीवनशैलीको कारण अहिले कलेजोको समस्या सामान्य बन्दै गएको छ। हिजोआज धेरै बिरामीहरू भिडियो एक्सरे गर्दा फ्याटी लिवर (कलेजोमा बोसो) भएको जानकारी हुन्छ र तत्पश्चात हस्पिटल वाक्लिनिकमा जान्छ। यो हेर्दा जस्तो लाग्छ तर, यसलाई हेल्चेक्राई गर्नु हुँदैन।

कारण :-
१. रक्सी तथा मासुजन्य पदार्थको अत्यधिक सेवन।
२. खानामा बोसोको मात्रा बढ़ी भएमा।
३. आरामदायी जीवनयापन।
४. खानामा कैलोरीको मात्रा बढ़ी भएमा।

प्रकार :-
१. अल्कोहलिक फैटी लीवरः-
रक्सीको सेवन गर्ने मानिसहरूमा यो रोग लाग्छ। तथा समयमै उपचार गराएन र सचेत भएन भन्ने सिरोसिस हुने संभावना बढी हुन्छ। जुन स्वास्थ्यको दृष्टिकोणले घातक अवस्था हुन्छ।
२. नन अल्कोहलिक फैटी लीवरः-
यो प्रकार रक्सीको सेवन नगर्ने मानिसहरूमा हुन्छ।

लक्षणः-




शुरूआती अवस्थामा कुनै विशेष लक्षणहरू देखिदैन। त्यसकारण धेरै जसो मानिस अनभिज्ञ हुन्छन्। भिडियो एक्स रे गर्दा मात्र जानकारी हुन्छ। तर धेरै बिरामी केही सामान्य लक्षणहरू देखिन्छ जुन यसप्रकार हुन्छ :-
१. पेटको माथिल्लो भागमा असजिलो हुनु वा वाकवाकी लाग्नु।
२. भोक कम लाग्नु र कमजोरी हुनु।
३. छाला चिल्लाउनु।

उपचारः-
१. मदिराजन्य पदार्थहरु जस्तै जाँड, रक्सी, छ्याङ्ग, बियरको सेवन नगर्ने।
२. चुरोट, बिंडी, सुर्ती, तमाखुको सेवन नगर्ने।
३. नियमित ब्यायाम गर्ने।
४. शरीरको वजन घटाउने।
५. अन्य रोग, जस्तै सुगर, प्रेसर, थाइरोइड आदिको पनि समस्या भएमा, ति रोगको संगसंगै उपचार गरेर सन्तुलनमा राख्ने।
६. वोसो धेरै भएका खाने कुरा, जस्तै तेल, चिज, बटर, बोसो आदि कम खाने।
७. जंक फुड, बजारमा पाइने पेय पदार्थ, जुस आदि नखाने।
८. आयुर्वेद लीवर टानिक आवश्यकता अनुसार वा चिकित्सकको सल्लाह अनुसार प्रयोग गर्ने।
९. आरोग्य वर्धिनी वटीको प्रयोग चिकित्सीय सलाह अनुसार।


## प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन।
- यसले जमिन तथा जल प्रदुषण गर्दछ।
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ।
- प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ।
- खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ।

त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## खुला सीमा...

समाधानको कार्ययोजना बनाउनु पर्ने आवश्यक्ता रहेको छ। नागरिकको सहजतासँगै दुई देशको व्यापार प्रवर्द्धनमा समेत राज्यलाई टेवा पुग्ने उदेश्यले राजविराज-कुनौली जोड्ने पक्की पुल, राजविराजलाई बडी भन्सारको रुपमा तत्काल निर्माण र संचालन हुनुपर्ने, नेपाली गाडीको अनुमति पहिला जस्तै भन्सारले नै दिनुपर्ने सम्वाद कार्यक्रमका वक्ताहरुले बताए।

धर्मभूमि रहेको नेपाल भारतको सम्बन्ध दुनियाँको उत्कृष्ट रिस्ता हो। राजविराज कुनौली सम्वन्धकै कारण हाम्रो व्यापारको सटर खुल्छ र बन्द हुन्छ यसर्थ : नागरिक स्तरमा खाध वस्तु नेपाल लग्न रोकेका छैन। लागु औषधको समस्याले सीमाको दुबैदेशको युवा वर्वाद भइरहेको छ। पक्की पुल केन्द्रिय सरकार बीचको पहलले मात्रै बन्ने भारत कुनौली पंचायतको पूर्व मुखिया अरविन्द गुप्ताले बताए।

भारतीय सीमामा तार लगाउनु उत्पीडित जनता झन् पीडामा पर्छ। पुल निर्माण नेपाल सरकारले नै चाहेको छैन। नेपाल सरकारको पूर्वमन्त्री उमेश कुमार यादवले आरोप लगाए। पुल त के सप्तरीको गौरवमय योजना पनि बन्नु हुदैन भने सरकारको मनसाय रहदै आएको छ। 'भन्सारको स्तरोन्नति बिना यहाँको औधोगिक क्षेत्र चल्दैन', उनले भने।

पाँच वर्षदेखि सम्वाद समूहले सीमाको समस्या र नागरिक सम्बन्धको विषयमा काम गर्दै आएको छ। युगान्तरसम्म नेपाल-भारत भूमि र नागरिकबीच सम्बन्ध छ। सीमामा हुने बदमासी राज्यले नियन्त्रण गर्नुपर्छ तर नेपाल भारत एउटै शरीरको दुई हात भएकोले सीमा खुल्ला रहनु पर्ने छिन्नमस्ता गाउँपालिका लालापट्टी न्यौर सीमा क्षेत्रमा बस्ने नागरिक लक्ष्मण यादवले बनाए।

राजनीतिक शून्यताको कारण नेपाल सरकारले मधेशीसँग भारतको सम्बन्धमा तारकाँटा लगाएर बिगार्न खोज्ने सुनियोजित मनशाय पूरा हुदै गएको छ। हामी मधेशी अर्को सीमाक्षेत्रमा जन्मिनु नै हामी जस्तो मधेशी नागरिकको दुर्भाग्य रहेको दुई देशीय अभियन्ता दिपेन्द्र चौधरीको बुझाई रहेको छ। रम्पुरा मल्हनिया कोशीले छुट्याएको भारतसँगको सीमाको पीडाले राती सप्तरीमा निदाए तर विहान आँखा खुल्दा सुनसरीको बासी बनायो। नेपालीले भारतीय बजारमा गएर बेचेको नेपाली रकम लिएर नेपाल पस्दा नेपालका सुरक्षा निकाय समातेर श्रोत खुलाउन भन्नु असान्दर्भिक भएको सीमाक्षेत्रका नागरिक राम नारायण यादवले बताए।







पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस्।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
**हनुमानस्थानचोक, अनामनगर, काठमाडौं**
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं